बेसीशहर नगरपालिकाको १५ औं नगरसभा अधिवेशन समक्ष

२०८१ साल असार १० गते सोमबार नगर

उपप्रमुख पद्मा गुरुङले

प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०८१।८२ को

# नीति, कार्यक्रम तथा बजेट

बेसीशहर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बेसीशहर

लमजुङ

१५ औं नगरसभा अधिवेशनका सभाध्यक्ष एवम् नगरप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
सम्पूर्ण नगरसभासद् ज्यूहरु,
कर्मचारी तथा उपस्थित महानुभावहरु ।

१. बेसीशहर नगरपालिकाको नगर उपप्रमुख हुनुको नाताले नगरसभाको पन्ध्रौं अधिवेशन समक्ष बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु ।

२. सर्वप्रथम राष्ट्रमा नागरिक स्वतन्त्रता, लोकतन्त्र प्राप्ति, गणतन्त्र स्थापना र मानव अधिकारको लागि इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान् शहीदहरुप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु ।

३. नेपालमा संघियता कार्यान्वयमा आए पछिको स्थानीय तहको दोश्रो निर्वाचनबाट हामी निर्वाचित भएर आएको २ बर्ष पुरा भएको छ । प्रशस्त समस्या र चुनौतीहरुका विच केही गर्न सकिन्छ, केही गर्नुपर्दछ, त्यसको लागि स्पष्ट दृष्टीकोण बनाई इमान्दारिता र निष्पक्षताका साथ निरन्तर जनताको हितमा क्रियाशिल हुनेछौं भन्ने अठोट लिएर, त्यही आशा र आत्मविश्वास मनभरि पालेर हामीले काम गरिरहेको व्यहोरा अवगत गराउन पाउँदा मलाई गर्वको अनुभूति भएको छ।

४. स्थानीय तहहरुले शासकीय अनुभव लिंदै गरेको र जनताले छाम्ने, छुने र महशुश गर्ने सरकारको रुपमा स्थानीय सरकार प्रकट भै रहेको स्थिति र जनताका सवैखाले चाहना र इच्छा स्थानीय सरकार मार्फत मुखरित हुन थालेको मात्र नभैकन बढी भरोसा र अपेक्षा पनि स्थानीय सरकारप्रति नै गरेको अवस्थामा देशको अर्थतन्त्रमा देखा परेको समस्याको पहिलो शिकार स्थानीय तह हुनु दुर्भाग्यपूर्ण र खेदजनक छ ।तरपनि कमी कमजोरीहरु सच्चिंदै तीनै तहका सरकारहरु विचको सह अस्तित्व, समन्वय र सहकार्यको यात्रा अझ सुदृढ भई जनताको विकास प्रतिको तीव्र चाहना क्रमशः पुरा हुँदै जाने विश्वास लिएको छु ।

**सम्पुर्ण सभासदज्यूहरु,**

५. संघीय सरकारले समानीकरण अनुदानर्तफ आ.व.२०७९/८० का लागि १५ करोड ६ लाख को बजेट सिलिङ दिएकोमा उक्त वर्ष १३ करोड ८९ लाख मात्र प्राप्त भयो । १ करोड १७ लाख बजेट प्राप्त हुन सकेन । अहिले आएर समानीकरण अनुदान घटाउँदै घटाउँदै चालु आवका लागि १३ करोड १९ लाख छ भने आगामी आवका लागि १३ करोड ६ लाखको सिलिङ प्राप्त भएको छ । चालु आ.व.का लागि प्राप्त सिलिङ १३ करोड १९ लाखमध्ये ३ करोड ४७ लाख संघीय सरकारले रोक्का राखेको स्थितमा उक्त शिर्षकबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी कसरी कहाँबाट गर्ने भन्ने अन्यौलता

कायम छ । संवैधानिक व्यवस्था अनुसार  वित्तिय हस्तान्तरण हुन नसक्दा नगरपालिका ठूलो बज्रपातमा रहेको व्यहोरा अवगत गराउन चाहन्छु । समानीकरण अनुदानतर्फको सबै बजेट पठाउन संघीय सरकार समक्ष म यही नगरसभा मार्फत जोडदार माग गर्दछु । प्रदेश सशर्त अनुदानतर्फ चालु आवको लागि ९० लाख प्राप्त भएकोमा आगामी आवको लागि शुन्य रहेको व्यहोरा जानकारी गराउँदछु ।

६. आन्तरिक आयतर्फ गत आवमा रु. ५ करोड ५६ लाख ८१ हजार आन्तरिक आय अनुमान गरिएकोमा रु.४ करोड ८६ लाख ५ हजार मात्र प्राप्त भयो । चालु आवको लागि ६ करोड २६ लाख ३६ हजार आन्तरिक आय अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्ममा रु. ३ करोड ६७ लाख ६ हजार मात्र राजश्व संकलन भएको छ जुन लक्ष्यको तुलनामा ५८.६ प्रतिशत मात्र हो ।लक्ष्य अनुसार रु २ करोड ५९ लाख राजश्व उठाउन अव हामीसंग असार महिना मात्रै बाँकी छ । आन्तरिक आयको ठूलो हिस्सा ओगट्ने ढुंगा गिटी बालुवमा २ करोड लक्ष्य राखेकोमा हालसम्म रु.४० लाख ६४ हजार अर्थात लक्ष्यको २० प्रतिशत मात्र संकलन भएको छ ।

७. बार्षिक बजेटको आकार बढ्दै जानुको सट्टा घट्दो क्रममा रहेको हुँदा अव हामीले आयोजना/ कार्यक्रम संख्यालाई न्यूनीकरण गर्ने, आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरणमा ध्यान दिने, अनावश्यक खर्च कटौती गर्ने, साझेदारीका कामहरुमा समन्वय बढाउने, न्युन बजेटबाट बढी भन्दा बढी नतिजा निकाल्ने गरी कार्य गर्ने, चालु खर्चमा मितव्ययिता कायम गर्ने जस्ता उपायहरु अवलम्बन नगरी सुखै छैन।

**सभाध्यक्ष महोदय,**

८. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले तयार गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" मा भएको व्यवस्थालाई अधिकतम् पालना गर्ने प्रयास गरिएको छ । काठमाण्डौमा बुद्धिजीवीहरुसंग १ दिने सुझाव संकलन गोष्ठीको आयोजना गरियो जसबाट नगरपालिकालाई महत्वपूर्ण सुझाव र विचारहरु प्राप्त भएको छ। सवै सरोकारवाला व्यक्ति र संस्थाहरुलाई सार्वजनिक सूचना मार्फत सुझावका लागि आह्वान गरिएको थियो जस अनुसार प्रशस्त सुझावहरु प्राप्त पनि भएका छन् ।गत वर्ष हामीले पारित गरेको चालु आ.वको नीति कार्यक्रम र बजेटको समीक्षा पनि गरिएको थियो ।

९. राजश्व परामर्श समितिको पटक पटकको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, बस्ती तथा वडास्तरीय भेला/बैठक, विषयगत समितिका बैठकहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र नगर कार्यपालिकाका बैठकहरु हुँदै हामी आजको यो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने अवस्थासम्म आइपुगेको व्यहोरा सम्पूर्ण नगरसभासद्ज्यूहमा स्मरण गराउँदछु ।

१०. प्रस्तुत नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी सेवा प्रवाह, सामाजिक विकास, उत्पादनमूलक, रोजगारमुलक तथा आधारभूत पूर्वाधारमा सहज बनाउने विषयमा केन्द्रित गरिएको छ ।

**सभासद्ज्यूहरु,**

११. स्थानीय तहको दोश्रो निर्वाचनबाट गठन भएको नगर कार्यपालिकाले संविधानको धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम तेश्रो पटक बार्षिक नीति, कार्यक्रम तथा बजेट ल्याएको सन्दर्भमा चालु आ.व.मा हासिल गरिएका मुख्य मुख्य उपलब्धीहरुलाई यस नगरसभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. गत आ.व. २०७९/८० बार्षिक प्रगति समीक्षा हामीले गत साउन २६ र २७ गते काउलेपानीमा २ दिन लगाएर व्यापक छलफल गरी सम्पन्न गरेका थियौं ।हासिल गरिएका उपलब्धी, सम्पन्न गर्न नसकिएका कार्यक्रम र सम्पन्न गर्न नसक्नाका कारणहरु बारे बहश र छलफल भएको थियो । गत बर्ष हामीले ९० प्रतिशत भौतिक प्रगति र ८३ प्रतिशत वित्तिय प्रगति हासिल गरेको व्यहोरा पुनः स्मरण गराउँदछु । चालु आवमा पनि दुई वटा चौमासिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

१३. समीक्षा गोष्ठीकै दिन चालु आ.व. २०८०/८१ को को बार्षिक योजना पुस्तक नगर प्रमुखबाट सार्वजनिक गरी हामी कार्यान्वयनमा होमिएका थियौं र अहिले आर्थिक वर्षको अन्त अन्तमा आइपुगेका छौं । चालु आर्थिक वर्षमा भएका कार्यहरुको समिक्षा आगामी साउन/भदौमा विस्तृत रुपमा गरिनेछ ।

१४. चालु आ.व.को साउनदेखि हालसम्म (२०८१ असार ५ सम्म) कुल १७ वटा कार्यपालिका बैठक सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएका छन् । खुल्लारुपमा विचारहरु राखी आपसी छलफल, अन्तर्क्रिया र सहमतिकै आधारमा कुल २५२ वटा निर्णय भएका छन् । ८० प्रतिशत निर्णयहरु कार्यान्वयन भएका, १० प्रतिशत निर्णयहरु कार्यान्वयनको क्रममा रहेका तथा बाँकी १० प्रतिशत निर्णयहरु कार्यान्वयनमा जान नसकेको/ कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ ।चौधौं नगरसभा अधिवेशन सफलतापूर्वक सञ्चालन भई सम्पन्न भएको यहाँहरु सवैलाई विधितै छ ।

१५. हालसम्म योजना शाखाबाट संझौता भएका ११५ वटा नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुमध्ये १०२ वटा (८९%) आयोजना/कार्यक्रम सम्पन्न भएका छन् । यसै गरी सम्झौता भएका ३०९ वटा वडास्तरीय आयोजना/कार्यक्रमहरुमध्ये २८० वटा (९१%) सम्पन्न भएका छन् ।कार्यपालिका बैठक र नगरप्रमुखको निर्णयबाट भएका कुल ८४ वटा आयोजना/कार्यक्रममध्ये ७८ वटा (९३%) सम्पन्न भएका छन् । कतिपय आयोजना तथा कार्यक्रमहरु अझै पनि कार्यान्वयनको क्रममा रहेका छन् ।

१६. संघीय समपुरक तर्फका धुरपुरे-दुईथोक-विम्दा सडकको भौतिक प्रगति ४७%, उदिपुर नयाँगाउँ सडकको ५६% प्रगति हासिल भएको छ । रिठ्ठेबगर-भकुण्डे तिलाहार सडकमा सडक बोर्डतर्फको ढलान गर्ने र

नाला बनाउने लगायतको काममध्ये सम्पूर्ण कामको ९० प्रतिशत कार्य सम्पन्न भएको छ । सोही सडकमा उपभोक्ता समिति मार्फतको कार्य शत प्रतिशत सम्पन्न भएको छ भने प्रदेश सशर्ततर्फको ६० प्रतिशत मात्र कार्य सम्पन्न भएको छ । संघीय विशेष अनुदान अन्तर्गत दुई बर्षे आयोजना अन्नपूर्ण मावि बेनपा ५ को भवन निर्माण कार्य डिपिसी हुने अवस्थामा पुगेको छ । उक्त आयोजना आगामी वर्ष सम्नन्न हुनेछ ।प्रदेश समपुरक तर्फको जिल्ला अस्पतालचोक-१० नं वडा कार्यालय सडक स्तरन्नतिको ठेक्का सम्झौता वमोजिमको सबै कार्य सम्पन्न भएको सहर्ष अवगत गराउँदछु । उक्त आयोजना आगामी प्रदेश समपुरकतर्फ परेको जानकारी गराउँदछु । बेनपा १० स्थित भाचोकखोलामा बेसीशहर चामे सडक आयोजनाबाट बेलीब्रिज जडान कार्य सम्पन्न भएको छ। प्रदेश सरकारबाट मैगुम स्थित पुमाखोलामा सडक पुल निर्माणको लागि ठेक्का बन्दोबस्ती भएको छ ।

१७.कुल १०० वटा निर्धारित सूचकहरुमा गरिएको बेसीशहर नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनमा बेसीशहर नगरपालिकाले कुल ७४% प्रतिशत अंक हासिल गरेको छ ।

१८. नगरपालिकाको ३ वर्षे क्षमता विकास योजनाको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ ।मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२-२०८३/८४) निर्माण कार्य चलिरहको छ र यसै नगरसभाको बैठकमा पेश भई पारित हुने विश्वास लिएको छु ।वडा नं २ ले आवधिक योजना निर्माण गरेको छ ।

१९. चालु आ.व.२०८०/८१ मा ३ वटा वडाहरु (वडा नं २, १० र ४) बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा भएका छन् । वडा नं ११ घोषणाको अन्तिम अन्तिम चरणमा रहेको छ । अन्य वडाहरुले पनि बालमैत्री वडा घोषणाको लागि त्रियाशिलता बढाइरहेका छन् ।

२०. विशेष संरक्षणको आवश्यकता परेका परिवारका जेष्ठ नागरिक/दीर्घ विरामीहरुको सेवामा समर्पित भएका ५० जना हेरचाहकर्ताहरु छनौट गरी सम्मान गरिएको छ । यसै गरी ४ जना उत्कृष्ठ कर्मचारीहरु छनौट गरी नगरसभा अधिवेशनमा सम्मानित गरिएको छ ।

२१.लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विभिन्न चेतनामूलक कार्यक्रमहरु सम्पन्न गरिएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा डिजिटल माध्यमबाट वडास्तरीय हाजिरीजवाफ प्रतियोगिता, महिलाहरुको विच खुल्ला गजल वाचन प्रतियोगिता, सचेतनामूलक -याली तथा सो अवसरमा विभिन्न विधाका ५ जना उत्कृष्ठ महिलाहरुलाई सम्मान गरिएको थियो । अन्तर्राष्ट्रिय अपांङ्गता दिवस मनाउने कार्यमा आवश्यक सहयोग गरिएको थियो ।

२२. नगरस्तरीय महिला सञ्जाल नगरपालिकास्तरमा र वडास्तरीय महिला सञ्जाल वडास्तरमा गठन /पुनर्गठन भई सकृय भएका छन् ।४ वटा वडाहरुमा १६० जना महिलाहरुलाई २/२ दिने उदघोषण कला सम्बन्धी स्थलगत तालिम प्रदान गरिएको छ ।

२३. २०८० माघ १९ गते पत्रकार समुहको सहजीकरणमा सार्वजनिक सुनुवाई सम्पन्न भई उक्त प्रतिवेदनको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल भई आवश्यक निर्णय गरिएको छ ।

२४. नगरपालिकाको सहयोगको बढी आवश्कयता परेका र सिक्ने /गर्ने क्षमता भएका सबै वडाका ५० जना युवाहरुलाई ड्राइभिङ तालिम प्रदान गरिएको छ र उनीहरु लाइसेन्स निकाल्ने प्रक्रियामा गै सकेका छन् । त्यसै गरी १९ जना युवा महिलाहरुलाई ३ महिने आधारभूत ब्युटीपार्लर, १४ जनालाई ३ महिने एडभान्स ब्युटीपार्लर, १६ जनालाई ३ महिने सिलाईकटाई आधारभुत र १३ जनालाई ३ महिने सिलाईकटाइ एडभान्स तालिम प्रदान गरिएको छ । मौरीपालन, कुखुरा र बाख्रा पालन तालिम सम्पन्न भएको छ । तालिम संगै प्रविधि हस्तान्तरणका कार्यहरु पनि गरिएका छन् । सहभागी छनौटका मापदण्ड बनाई सत्यतथ्य पत्ता लगाई सहभागी छनौट गर्ने कार्य भएको छ ।

२५. चालु आ.व.मा स्थानीय राजश्व समेत गरी कुल ६ करोड २६ लाख ३६ हजार आन्तरिक आय अनुमान गरिएकोमा २०८१ जेष्ठ मसान्तसम्म रु.३ करोड ६७ लाख ७ हजार अर्थात कुल लक्ष्यको ५८.६०% राजश्व संकलन भएको छ ।

२६. कृषि कर्ममा लागि रहेका र त्यसैबाट गुजारा चलाइरहेका १०० जना गोरुपालक कृषकहरुलाई जनही रु. १० हजारका दरले सम्मान गरिएको छ ।

२७. २ वटा वडाका ३३ जना दूध उत्पादक कृषकहरुलाई उत्पादनमा अनुदान, ४३८ जना कृषकहरुलाई अनुदानमा घाँसको वीऊ, १० जना कृषकहरुलाई ब्याड बोका, १४ जना कृषकहरुलाई बाख्रा/बंगुको खोर स्थापना, ६० जना कृषकहरुलाई २ दिने र १०० जना कृषकहरुलाई १ दिने सीप विकास तालिम प्रदान गरिएको छ । साथै पशु स्वास्थ्य शिविरबाट ३२३ जना कृषक, घुम्ती गोठ संरक्षणबाट ६ जना कृषक तथा बाँझोपन निवारण शिविरबाट ९३ भैसी तथा गाई लाभान्वित भएका छन् । कुल ३१८ वटा गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिएको, बाख्रा पकेट विकास कार्यक्रम, हरियो घाँस विस्तार कार्यक्रम सञ्चालन गरिएको छ ।

२८. १६ जना कृषकहरुले ७ दिने मिनिटिलर मर्मत तालिम, ५१ कृषकहरुलाई १५० वटा मौरीगोला सहितको घार, ७ वटा कृषि फर्मलाई तरकारी खेतीको लागि सहयोग, तोरी, मकै र उन्नत धानको वीऊ वितरण, अनुदानमा कृषि सामाग्री वितरण, वडा नं १ देखि ६ सम्म २५०२ कृषक सूचीकरण, ६ वटा समुहमा मल्टीक्रप थ्रेसर मेसिन उपलब्ध गराइएको जस्ता कार्य सम्पन्न भएका छन् ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचीकृत भएका ६१२ जना (महिला २०६, पुरुष ४०६) बेरोजगारहरुमध्ये १४ वटा आयोजनाहरुमा ७५ जनाले ( महिला २८, पुरुष ४७) औषत प्रति व्यक्ति ७७ दिनको रोजगारी प्राप्त गरेका छन् ।

३०. शिक्षातर्फ विद्यालयमा जाने अनुदान निकासाका कार्यहरु भएका, मेयर शैक्षिक सुधार कार्यक्रमको कार्यविधि निर्माण गरी कार्यक्रम अघि बढेको, कक्षा ६-९ को परीक्षालाई नगरपालिकास्तरमा सञ्चालन गरिएको, शैक्षिक क्यालेण्डर निर्माण, स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्रीको ड्राफ्ट तयार भएको बाल प्रतिभा प्रोत्साहन कार्यक्रम, क्षमता विकास कार्यक्रम, विषयगत शिक्षक समुह क्रियाकलाप सञ्चालन लगायतका कार्यक्रम सम्पन्न भएका छन् ।

३१. **EFT** मार्फत सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी वितरण गर्न सुरु गरिएको, लाभग्राहीहरुको नविकरण गर्ने कार्य गरिएका छन् ।

३२. आमा सुरक्षा कार्यक्रम तर्फ आमा र बच्चाको विशेष स्वास्थ्य सेवा उपलब्ध गराइएको, १६८ जना सुत्करी महिलाहरुलाई रु ३०००।- का दरले पोषण खर्च उपलब्ध गराइएको, १५ महिना भित्रका बालवालिकाहरुलाई नियमित रुपमा खोप सेवा प्रदान गरिएको, जेष्ठ नागरिक घरदैलो कार्यक्रम र उत्तरप्रसुति घरदैलो कार्यक्रम सञ्चालन गरिएको, आधारभुत स्वास्थ्य सेवामा न्युनतम सेवा मापदण्ड अनुरुप स्वास्थ्य सेवा प्रदान गरिएको, विशेषज्ञ सेवा सहितको निःशुल्क मानसिक स्वास्थ्य स्वास्थ्य शिविर संचालन गरिएको, मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका ८० जना विरामीलाई उपचार खर्च उपलब्ध गराउदै आइएको जस्ता कार्यहरु सम्पन्न भएका छन् ।७५ जना विपन्न नागरिक लाई स्वास्थ्य उपचार सहयोग गरिएको छ ।

३३. १० वटा विद्यालयहरुमा फ्रि वाई फाई जडान गरिएको, वेभसाइट अद्यावधिक गर्ने तथा र वेभसाइट फेसबुक,मोवाइल एप, इमेल मार्फत सूचना सम्प्रेषण गर्ने कार्य भै रहेका छन् । नगरपालिकामा २१ वटा सिसी क्यामेरा जडान गरिएको छ । बजार क्षेत्रको सिसी क्यामेरा मर्मत गरिएको छ ।गंगटेढाप टोल र सहजी बसपार्कमा क्रमशः ११ र ४ वटा सिसी क्यामेरा जडान गरिएको छ ।बेसीशहर बजार क्षेत्रका सडक बत्ति मर्मत कार्य नियमित रुपमा भै रहेको छ । नगरपालिकाको कार्यालयमा सूचना प्रविधि मन्त्रालय द्वारा प्रदान गरिएको नयाँ ई हाजिरी प्रणाली कार्यान्वयन गरिएको छ । सम्पूर्ण शाखाहरुमा इन्टरकम सेटको व्यवस्था मिलाइएको छ ।

३४. नेपाल सरकारले उपलब्ध गराउनु पर्ने पुरानोकोट गढीको बक्यौता रकम रु. १ करोड ४२ लाख निकासा गरेको छ तर नगरपालिकाको खातामा आउनु पर्ने कार्य बाँकी नै रहेको छ ।

३५. चालु आ.वमा न्यायिक समितिमा परेका ४२ वटा र गत आ.व.बाट सरेका ५ गरी जम्मा ४७ उजुरीमध्ये २९ वटा उजुरी उपर मिलापत्र भएको छ भने ५ वटा फिर्ता भएका छन् । उजुरीका प्रकृति हेर्दा साँध सिमाना, लेनदेन, गाली बेइजती, बस्ती संरक्षण आदि रहेका छन् ।

**सभाध्यक्ष महोदय ,**

३६. अब म बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१।८२ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति माग्दछु ।

३७. आ.व. २०८१/८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइएको छ ।

१ नेपालको संविधान

२ नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

५ संघीय सरकारको आ.व. २०८१।८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

६ प्रदेश सरकारको आ.व. २०८१।८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली, २०७७

८ सावर्जनिक खरिद ऐन, २०६३ र सो सम्बन्धी नियमावली

९ समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७७

१० दिगो विकास लक्ष्य

११ नेपाल सरकारको सोह्रौं योजना २०८१/८२-२०८५/८६

१२ गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको आधारपत्र

१३ बेसीशहर नगरपालिकाको आवधिक योजना (२०७८।७९-२०८२।८३)

१४ प्राकृतिक श्रोत तथा वित्त आयोगका सिफारिसहरू

१५ विभिन्न संघसंस्था र नगरबासीहरुबाट प्राप्त सुझावहरु

१६ नगरपालिकाको विगतका अनुभव, सिकाइ र हासिल भएका उपलब्धिहरू, आदि।

**उपस्थित सम्पूर्ण नगरसभासदस्यज्यूहरु,**

३८. अव म आगामी आव २०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका समष्टिगत नीति निम्न वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

३९. देशको सोह्रौ योजनाको सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" तथा बेसीशहर नगरपालिकाको सोच "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर" अनुरुप समृद्धि र सभ्यताका सूचकहरु हासिल गर्न मद्धत पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ ।

४०. कृषिको उत्पादन र उत्पादकत्व बढाउने, कृषिलाई विविधिकरण र व्यवसायीकरण गर्ने नागरिकको खाद्य सुरक्षाको अधिकारमा योगदान पुर्याउने गरी कार्य गरिनेछ ।

४१. प्रकृति र संस्कृतिको सम्भावनामार्फत पर्यटन पूर्वाधारको विकास गरी पर्यटकको संख्यामा बृद्धि गर्ने तथा बसाई अवधी लम्ब्याई आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान बृद्धि गरिनेछ ।

४२. कृषि तथा गैर कृषिमा आधारित प्राविधिक र व्यवसायिक तालिम प्रदान गरी रोजगारी तथा स्वरोजगारी सृजना गर्ने कार्यमा जोड दिइनेछ ।

४३. सम्बेदनशील रुपमा रहेका आधारभूत स्वास्थ्य सेवालाई प्रभाकारी बनाउने, शिक्षा क्षेत्रलाई थप व्यवस्थित र गुणस्तरीय बनाउने तथा सामाजिक समावेशीकरणका सवालमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. सडक यातायात सवै पूर्वाधारको पनि पूर्वाधार भएकोले सडक सञ्जालहरुको सुधार विस्तार र स्तरोन्नतिमा जोड दिई सुरक्षित सडकमा नागरिकको पहुँच बढाइनेछ ।

४५. संघ, प्रदेश तथा स्थानीय उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमलाई बजेट विनियोजन गर्ने नीतिलाई निरन्तता दिइनेछ ।

४६. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु विच दोहोरोपना हुन नदिई आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।

४७. नगरबासीहरुले नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु र अन्तर्गतका निकायहरुबाट प्रविधिको उपयोग गरी छिटो छरितो र सर्वसुलभ रुपमा प्रभावकारी र गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

४८. नगरबासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालीन सोच अनुरुप नगरबासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ ।

४९. अधुरा रहेका योजना तथा कार्यक्रमहरु सम्पन्न गर्नेतर्फ ध्यान पुर्‍याइनेछ । नतिजामा आधारित योजना तथा कार्यक्रम अनुगमन प्रणालीको विकास गरिनेछ । उपभोक्ता समिति लगायत योजना कार्यान्वयनकर्ता निकायहरुमा सुशासन र पारदर्शिता कायम राख्न जोड दिइनेछ ।

५०. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका दीर्घकालीन महत्व राख्ने नगरपालिकाको क्षमताले मात्र सञ्चालन गर्न नसक्ने योजनाहरुको कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

५१. राजश्वका सम्भावनाहरुको खोजी गर्ने, दायराहरु बढाउने तथा तथ्याङ्क, राजश्व संकलन आदिमा प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनमा सुधार गरिनेछ ।

५२. विपद् तथा जलवायु परिवर्तनबाट प्रभावितहरुको उत्थानशीलतामा जोड दिइनेछ ।

५३.नीति, कार्यक्रम तथा बजेट निर्माणको सिलसिलामा सडक पूर्वाधार मर्मत-सुधार र स्तरोन्नति कृषि,पशु,उद्यमिशलता, सीप विकास र रोजगार, शिक्षा/स्वास्थ्य पर्यटन विकास र सेवा प्रवाह र सुशासनलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

सभाध्यक्षज्यू,

५४. अव म नगरपालिकाले आगामी आव २०८१।०८२ को लागि लिएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**(क)आर्थिक विकास**

कृषिः

५५. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकिकरणका लागि **कृषिमा यान्त्रिकरण** गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ साथै कृषिमा अत्यावश्यक रहेका कृषि औजार उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ ।

५६. तरकारी बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि सम्भाव्यतामा आधारमा **वडास्तरमा तरकारी/फलफूलको नर्सरी स्थापना** गरी सहुलियत दरमा कृषकहरुलाई बेर्ना उपलब्ध गराइनेछ । बेमौसममा तरकारी उत्पादनका लागि सहयोग गरिनेछ साथै सफल तरकारी उत्पादनका लागि आवश्यक प्राविधिक ज्ञान प्रदानका लागि स्थलगत रुपमा तालिमको व्यवस्था गरिनेछ ।

५७. मौरीपालनलाई प्राथमिकतामा राखि प्रवर्द्धन गरिनेछ । गत आ.व. मा निर्माण भएको मौरीको मिनिपकेट कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ, साथै मौरी चरन र भौगोलिक उपयुक्तताका आधारमा थप नयाँ स्थानमा मिनिपकेट स्थापना गरिनेछ र मौरीपालनमा आवश्यक पर्ने सहायक सामाग्रीहरु अनुदानमा उपलब्ध गराईनेछ ।

५८. नगरपालिकाको कृषि एम्वुलेन्स मार्फत नगरपालिका क्षेत्र भित्र उत्पादन भएका कृषि उपजहरुलाइ वजार सम्म ल्याइ विक्री वितरण गरिने व्यवस्था मिलाइनेछ ।साथै कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र तथा बजार व्यवस्थापनमा सहयोग गरिनेछ ।

५९. विद्यालय मार्फत कृषि प्रविधि प्रसार गर्ने उदेश्यले **सामुदायिक विद्यालयमा कृषि चिनारी** कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषकहरुलाई पहुँच र सहजताको हिसाबले उन्नत जातका गुणस्तरीय बीउ विजन र आवश्यक प्राविधिक परामर्श उपलब्ध गराइनेछ ।

६१. प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरी दिगो कृषि प्रणाली विकासमा सहयोग गरिनेछ ।

६२. "माटो जोगाउँ जीवन बचाउँ" भन्ने उदेश्यका साथ बृहत रुपमा माटो परीक्षणका लागि **माटो परीक्षण शिविर सञ्चालन** गरिनेछ । साथै ग्रामिण क्षेत्रका किसानहरुको बालीनालिमा देखा परेका समस्याको स्थलगत रुपमा नै पहिचान र समाधानका लागि विज्ञ सहितको **कृषि शिविर सञ्चालन** गरिनेछ ।

६३. कृषिमा आएका नयाँ प्रविधि र सूचनालाई किसान समक्ष पुर्याउने उदेश्यले विकास गरिएको **बेसीशहर नगरपालिकाको कृषि एप्सलाई** बढि भन्दा बढि कृषक समक्ष पुर्याइ कृषि प्रसारलाई सहज बनाइनेछ ।

६४. किसानलाई प्रोत्साहन स्वरुप **उत्पादनमा आधारित अनुदान** उपलब्ध गराई बजारीकरणमा सहयोग गरिनेछ ।

६५. वडास्तरीय कार्यक्रमबाट कृषि क्षेत्रमा विनियोजन हुने रकम आफ्नो मूख्य पकेट क्षेत्र अनुसारका कार्यक्रममा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

६६. खाद्य सुरक्षा अन्तर्गत आधारभूत खाद्यबस्तुमा आत्मनिर्भरता बढाउने, खाद्य आनीबानी परिस्कृत गर्ने, स्थानीय खाद्य संस्कारको आदान प्रदान गर्ने, बजारमा खाद्यान्न उपलब्धताको आंकलन गर्ने, खाद्य प्रणालीलाई दीगो र उत्थानशील बनाउने कार्यमा जोड दिइनेछ ।

६७. अनुदानका कार्यक्रमहरुमा नगरपालिकास्तरीय र वडास्तरीय कार्यक्रमहरुको अनुदान नीतिमा एकरुपता कायम गरिनेछ । साथै पहिचान गरिएका अति विपन्न घरपरिवारहरुलाई अनुदान नीति सकारात्मक विभेदको आधारमा तयार गरिनेछ ।

६८. स्थानीय पाठ्यक्रममा कृषिको विषय समावेश गर्दै लगिनेछ साथै पाठ्यक्रम अनुसारको सन्दर्भ सामाग्री पनि कृषिको विषयबस्तु राखी तयार गरिनेछ ।

## पशुपंक्षीः

६९. कृषि प्राविधिकहरु कृषकहरुको फर्म र घरगोठमै पुगेर प्राविधिक सेवा प्रदान गर्ने उद्देश्यले कृषकसंग प्राविधिक कार्यक्रम व्यापक रुपमा सञ्चालन गरिनेछ।

७०. पशुपंक्षीहरुको नियमित उपचार सेवा, कृत्रिम गर्भाधान सेवा, आकस्मिक सेवा, खोप कार्यहरु, पशु स्वास्थ्य शिविर र प्राविधिक सहयोगहरु बृहत रुपमा सञ्चालन गरिनेछ।

७१. पशु बिमाका लागि कृषकहरुलाई प्रेरित गरी जोखिम न्युनीकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७२. भैंसीको गोठ निर्माण तथा सुधारको लागि सहयोग गरिनेछ। साथै पशुपालनको लागि घाँस विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. नश्ल सुधार, दुध र मासुमा आत्मनिर्भर कार्यक्रम, बजारीकरण व्यवस्थापन, कुखुरा तथा मत्स्य विकास कार्यक्रम र चरन खर्क सुधार र युवा व्यवसाय शुरुवात जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७४. कृषकहरुको क्षमता अभिबृद्धिको लागि पशुपालन सम्वन्धी तालिमहरु वडास्तरमा सञ्चालन गरिनेछ।

७५. बिगतका बर्षहरुका कार्यक्रमहरुको प्रभावकारिता मुल्याङ्कन गरिनेछ। साथै उत्पादनमा आधारित अनुदानको सम्भावनाका क्षेत्र र सम्भावनाको थप अध्ययन गरिनेछ।

## सिंचाईः

७६. कृषि उत्पादनसंग प्रत्यक्ष सम्बन्ध राख्ने सिंचाई प्रणालीको विकासमा जोड दिई कृषि उत्पादन बढाइनेछ । नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ । कृषि पकेट क्षेत्रहरुमा सिंचाई सुविधा पुर्याइनेछ ।

७७. गाउँबस्तीहरुमा खोला खोल्सीहरुबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको स्तरबृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ ।

७८. वाढी पहिरोको कारण कुलोहरु अवरुद्ध भई खनेर ल्याउन कठिन हुने स्थानमा सिंचाई पाइपको लागि उपभोक्तासंगको लागत साझेदारीमा सिंचाइ पाइपहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७९. मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिंदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ । साथै भूमिगत सिञ्चाईको सम्भाव्यता अध्ययन कार्यको लागि समन्वय गरिनेछ ।

## पर्यटन तथा संस्कृतिः

८०. प्रदेश केन्द्र पोखरा प्रदेश राजधानी घोषणा भएको र २०८१ लाई लमजुङ भ्रमण वर्ष घोषणा गरिएको स्थितिमा जिल्लास्तरीय पर्यटन समिति लगायतसंग सहकार्य गरी पर्यटन प्रवर्द्धन सम्बन्धी कार्य गरिनेछ ।

८१. **प्रिय बेसीशहर** (Beloved Besishahar) को भावना अनुरुप पर्यटकीय गन्तव्यहरुको पहिचान, पर्यटकीय उपजहरुको विविधीकरण, पूर्वाधार निर्माण, सेवा सुविधा विकास र विस्तार,कोशेली घर सञ्चालन, प्रचार प्रसार र ब्रान्डिङ, पर्यटन सूचना केन्द्रको स्थापना जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ ।

८२. होमस्टे गाउँहरुको प्रवर्द्दनमा टेवा पुग्ने खालका कार्यक्रमहरुमा जोड दिइनेछ । साथै दर्ता भएका होमस्टे गाउँहरुमध्ये विगत २ वर्ष यता नगरपालिकाको सहयोग पाउन बाँकी रहेको होमस्टे गाउँमा पर्यटकीय आयोजनाको लागि सहयोग गरिनेछ ।

८३. बेनपा-४ स्थित ऐतिहासिक पर्यटकीय स्थल पुरानोकोट गढीलाई संरक्षण सहित व्यवस्थापनको जिम्मेवारी नीजि क्षेत्रलाई प्रदान गरी व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ । काउलेपानी-पुरानोकोट गढी सडकलाई स्तरोन्नति गरिनेछ ।गढीमा खानेपानीको उपलब्धतालाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

८४.बेसीशहर- बाँझाखेत- खाँचे- चित्रेडाँडा- बराहपोखरी सम्मको सडक निर्माण कार्यलाई मर्स्याङ्दी र दोर्दी गाउँपालिकासंग समेत समन्वय गरी अघि बढाइनेछ ।

८५. हालसम्म ब्यवस्थित रुपमा सञ्चालन गर्न नसकिएको बेनपा-८ स्थित कर्पुरेश्वर पार्कलाई नीजि क्षेत्रलाई सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिई मुख्य पर्यटकीय आकर्षणको रुपमा विकास गरिनेछ ।

८६. गाउँशहरमा पुरातत्व विभागको लगानीमा हाल लमजुङ दरबार निर्माणाधिन रहेको अवस्थामा उक्त दरबार क्षेत्रलाई प्रवर्द्धन गर्नको लागि पुरातत्व विभागसंग समन्वय गरिनेछ ।

८७. बेसीशहर स्थित मर्स्याङदी नदि किनारै किनार मजुवा खोला देखि पुमा खोला सम्म पदमार्ग निर्माणको लागि संभाव्यता अध्ययन गरिनेछ । साथै मर्स्याङ्दी नदिमा -याफ्टिङ, पुरानोकोट भीरमा रक क्लाइम्बिङ, र सेती भिरमा जिप फ्लाएर/बन्जीजम्प तथा पुमागाउँबाट प्याराग्लाइडिङ जस्ता सहासिक पर्यटनको सम्भावनाको थप सम्भाव्यता अध्ययन गरिनेछ ।

८८. पर्यटन प्रवर्द्धनको लागि काम गर्न इच्छुक संघसंस्था तथा सामुदायिक संगठनहरुलाई प्रस्तावनाको आधारमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

८९. त्रिवेणीधाम-निशानकालिका मन्दिर -सिद्धेश्वर मन्दिर-चितीतिलाहार-हिलेटक्सार-वराहपोखरी सम्मको पदयात्रा मार्गको प्रवर्द्धनको लागि पहल गरिनेछ ।

९०. नीजिक्षेत्रबाट लगानी भई सञ्चालनमा आएको बेनपा-१० स्थित पिसहिल रिसोर्ट सम्मको पहुँच मार्ग निर्माण कार्यमा लागत साझेदारी नीति अनुसार आवश्यक सहयोग गरिनेछ ।

९१. लोक स्वर सम्राट उपाधिबाट सम्मानित राजु परियार जस्ता होनहार लोक गायक रहेको लमजुङ जिल्ला र बेसीशहर नगरपालिका आफैंमा लोक कला संस्कृतिको मुहान भएकोले यसलाई पर्यटनसंग जोडी लोकसंस्कृतिको प्रवर्द्धन र सांस्कृतिक पर्यटनको विकास गरिनेछ ।

९२. सबै सम्प्रदायहरुको मौलिक लोकसंस्कृति, भेषभूषा, भाषा, परम्परागत प्रयोग सामाग्री आदिको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

९३. नगरपालिका भित्र रहेका सवै समुदाय र जातजातिको मौलिक संस्कृतिको जगेर्ना गर्नको लागि आयोजना गरिने पर्व महोत्सव लगायतका कार्यक्रममा आवश्यक सहयोग गरिनेछ ।

## श्रम, रोजगारी तथा गरिबी निवारणः

९४. संविधानले रोजगारी, सामाजिक सुरक्षा र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको हुँदा सीप सिकौं,उत्पादन गरौं-उद्यमी बनौं भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम,उद्यमशिलता विकास तथा प्रविधि हस्तान्तरण मार्फत आन्तरिक रोजगारीमा जोड्ने अधिकतम् प्रयास गरिनेछ ।

९५. बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नको लागि वैदेशिक रोजगारीबाट प्राप्त भएको पूँजी, प्रविधि र सीपलाई आयआर्जन र उद्यमसंग जोडिनेछ ।

९६. देशमा करिब ५७% घरपरिवारहरु वैदेशिक रोजगारीको आम्दानीमा निर्भर रहेको, काममा जानेमध्ये अधिकांश अदक्ष कामदारको रुपमा जाने गरेको हुँदा वैदेशिक रोजगार केन्द्रित तालिमहरुलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ ।

९७. सशर्त अनुदानबाट गरिबीको रेखामुनि रहेका महिला, दलित तथा युवाहरुलाई लक्षित गरी सञ्चालन गरिदै आएको लघु उद्यम विकास कार्यक्रममार्फत उद्यमशिलता, सीप विकास तालिम र उपयुक्त प्रविधि हस्तान्तरण गरी नयाँ उद्यमी सिर्जना गरिने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । व्यवसायिक तथा सीपमूलक तालिमलाई श्रम बजार अनुकुल हुने गरी व्यवस्थापन गरिनेछ ।

९८. पारिश्रमिक नपाई काम गर्ने महिलाहरु पुरुषहरुको तुलनामा ६ गुणा बढी रहेको स्थितिमा लघु उद्यममा आधारित महिला उद्यमीसंग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९९. विगतमा आधारभूत सीप विकास तालिम प्राप्त गरी उक्त कामलाई निरन्तरता दिइरहेकाहरुलाई केन्द्रित गरी स्तरोन्नतिको लागि इच्छुक भएका उद्यमीहरुलाई एडभान्स तालिम प्रदान गरिनेछ ।साथै विगत ३ वर्ष यता सीपमूलक तालिम लिएकाहरुले सीपको उपयोग गरे नगरेको बारे तथ्याङ्क लिइनेछ ।

१००. प्रत्येक सीपमूलक तालिमको लागि उपयुक्त मापदण्ड तयार गरी सहभागी छनौट कार्य गरिनेछ । १ महिना वा सो भन्दा बढी अवधीको कुनै एक विषयमा तालिम लिएकाहरुलाई पुनः अर्को विषयको तालिममा सहभागी गराउने कुरालाई निरुत्साहित गरिनेछ ।

१०१. विपन्न घर परिवार पहिचान गर्ने कार्य चालु आवमा समेत गर्न नसकिएको हुँदा आगामी आवमा विपन्न घरपरिवार पहिचान गरी स्वास्थ्य विमामा आवद्ध गरिनेछ । साथै उनीहरुको भेला गराई क्याफेटेरिया मोडेलबाट उनीहरुले खोजेको कार्यमा सहयोग पुर्याइनेछ ।

१०२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी र नजितामूलक तवरबाट सञ्चालन गरिनेछ ।

१०३. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सूचना बैंक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थापन गरिनेछ ।

१०४. वैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरिनेछ । बेसीशहर नगरपालिकाका बासिन्दालाई विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने व्यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकार सँग समन्वय गरिनेछ ।

१०५. वैदेशिक रोजगारीमा जान लागेकाहरुलाई विदेश जाने क्रममा प्रयोग भएका कागजातहरुको प्रतिलिपिहरु एक प्रति कागजात घरमै छाड्न र गैसकेकाहरुलाइ विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ । जसले गर्दा कुनै समस्या परेमा उद्दार, राहत तथा समन्वयमा सहजता हुनेछ ।

१०६. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी नगरपालिकाको आर्थिक वृद्धिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरि पुन एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. बैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा ब्यवस्थापनको लागि व्यक्तिगत र सामूहिक मनोपरामर्श सेवाका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ ।

१०९. वैदेशिक रोजगारीका कारण समस्यामा परेका व्यक्ति तथा परिवारको समस्याहरु सम्बोधन गर्ने संयन्त्रको विकास गरिनेछ ।

११०. वैदेशिक रोजगार बाट फर्किएका व्यक्तिहरुको निशुल्क सीप परीक्षणको लागि सरोकारवाला निकायहरु सँग समन्वय गरिनेछ ।

### उद्योग, व्यापार तथा व्यवसायः

१११. नेपाल सरकारबाट बजेट प्राप्त भएमा बेनपा-५ र ९ स्थित सितलेस्वाँरामा औद्योगिक ग्रामको लागि पूर्वाधार विकासका कार्य गरिनेछ ।

११२. सेवाको प्रकृति अनुसार व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता, मापदण्ड तथा सेवाग्राहीमैत्री सेवा प्रदान गर्नको लागि विभिन्न प्रकृतिका व्यवसायीहरुसँग आवश्यक छलफल र अन्तर्क्रिया गरिनेछ ।

११३. बेसीशहर नगरपालिका भित्र रहेका सवै उद्योग व्यवसायिक प्रतिष्ठानहरुको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११४. ब्यवसाय प्रवर्द्धनका लागि सरोकारवाला निकायहरु र लमजुङ उवासंघ लगायतसँग समन्वय र सहकार्य गरी विभिन्न सचेतनामूलक तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११५.	उत्पादनमूलक र नाफामुलक ब्यवसाय सञ्चालनका लागि स्थानीय यूवा वर्गका उद्यमी, ब्यवसायी, कृषि पशुजन्य उद्योगी तथा ब्यवसायीहरुलाई प्रवर्द्धनात्मक र सचेतनामूलक ब्यवसायिक तालिम दिने, ब्यवसाय सञ्चालनको लागि सहज वातावरण मिलाउने कार्य गरिनेछ ।

११६.	उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड अनुरुप वजारको अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।

११७.	नीजि क्षेत्रलाई उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहज वातावरण तयार गर्दै आवश्यक सहजीकरणको लागि नगरपालिकाबाट भूमिका निर्वाह गरिनेछ । साथै सवै व्यापार व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य सूचीकृत गराई नगरपालिकाको छाता भित्र ल्याउने र सुरक्षण दिइनेछ ।

११८.	उत्कृष्ठ व्यवसायी र करदाताहरुलाई निश्चित मापदण्डको आधारमा सम्मान गर्ने कार्यको शुरुवात गरिनेछ ।

११९.	व्यवसायीहरुको नगरपालिकासंगको अपेक्षा सम्बोधनको लागि उद्योग वाणिज्य संघ समेतसंगको सहकार्यमा कार्यक्रमहरु अघि बढाइनेछ ।

## भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवाः

१२०. प्रचलित कानून वमोजिम नगरपालिका भित्रका जग्गाजमिन बर्गिकरण कार्यलाई सम्बन्धित वडाहरुको समेत सहयोगमा अद्यावधिक र थप व्यवस्थित गरिनेछ ।

१२१. सूचकहरुको आधारमा कार्यक्षेत्र भित्रका सहकारीहरुको अनुगमन तथा मूल्याङ्कन गरी राम्रो, मध्यम र संकटग्रस्त सहकारी छुट्याइनेछ । सहकारीको सिद्धान्तको पालना नगरी नियमानुसार सञ्चालन नभएका सहकारी संस्थाहरुलाई दण्ड, जरिवाना तथा राम्रा सहकारी संस्थाहरुलाई पुरस्कारको ब्यवस्था गरिनेछ ।

१२२. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि कार्यविधि वनाई नियमन कार्यलाई प्रभावकारी बनाइनेछ । सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ |

१२३. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ |

१२४. साथै संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसंगको समन्वयमा प्रभावकारी ब्यबस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि आवश्यक कार्य गरिनेछ |

१२५. सहकारीहरुलाई आधारशिला तालिम प्रदान गर्ने तथा सहकारीहरुको आधारपुस्तिका तयार गरिनेछ ।

## (ख)सामाजिक विकास

### स्वास्थ्य तथा पोषणः

१२६. "स्वस्थ नागरिक स्वच्छ नगर- स्वस्थ भै बाँच्ने हामी सबैको रहर" भन्ने दीर्घकालिन सोचका साथ स्वाथ्य सम्बन्धी कार्यक्रम र सेवाहरु सञ्चालन गरिनेछ ।

१२७. आधारभुत स्वास्थ्य सेवा मापदण्ड बमोजिम लागू गर्दै गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । आधारभुत र आकस्मिक सेवाको लागि औषधीहरुको बर्षभरि नै आपुर्तिको व्यवस्थाको सुनिश्चत गरिनेछ ।

१२८. स्वास्थ्य विमा कार्यक्रम मार्फत् सबै समुदायका अति विपन्न र दलित विपन्नलाई निःशुल्क स्वास्थ्य विमा गर्ने ब्यवस्था मिलाइनेछ । अन्यको हकमा स्वास्थ्य विमा प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ ।

१२९. स्वास्थ्य सम्बन्धी सेवा र कार्यक्रमहरुको योजना र कार्यान्वयनलाई थप ब्यवस्थित बनाउन आर्थिक बर्षको शुरुवातमा सबै वडाको घरधुरी सर्वेक्षण मार्फत् "स्वास्थ्य पाश्र्वचित्र" तयार गरिनेछ । एकिकृत सुक्ष्म योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३०. सुनौलो हजार दिनका आमाले लिने सम्पुर्ण सेवाहरुको सुनिश्चित गर्दै गुणस्तरीय पूर्वप्रसुति सेवाको लागि "पूर्व प्रसुति प्याकेज" लागू गरिनेछ र "घरमा हुने सुत्केरी सुन्य" घोषणा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक ब्यवस्था मिलाइने छ ।

१३१. स्वास्थ्य सेवा सञ्चालनलाई आवश्यक जनशक्ति, भौतिक पूर्वाधारको मर्मत संभार, संचार, विद्युत, पानी, औषधी, औजार तथा उपकरणको मापदण्ड बमोजिमको ब्यवस्था गरिनेछ ।

१३२. परिवार योजना सेवाको सर्वव्यापी पहँच अभिबृद्धि गर्न लामो अवधि काम गर्ने परिवार योजना साधनको प्रयोयकर्ताको क्षमता अभिबृद्धि गरिनेछ र आवश्यकता अनुसार "घुम्ती शिविर" सञ्चालन गरि सेवा प्रदान गरिनेछ ।

१३३. ज्येष्ठ नागरिक, अपङ्गता भएका व्यक्ति, अशक्त, दिर्घ रोग प्रभावित ब्यक्तिहरुको सम्भाव्य जोखिम न्यूनीकरणको लागि प्याकेज बनाई "ज्येष्ठ नागरिक घरदैलो सेवा" कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४. नसर्ने र संक्रामक सरुवा रोगहरुको ब्यवस्थापनका लागि "एकिकृत जनस्वास्थ्य निगरानी" प्रणाली लागू गरिनेछ ।

१३५. विपदजन्य अबस्था लगायतका महामारीको पूर्व तयारी र प्रतिकार्यका लागि द्रुत प्रतिकार्य टोलीको क्षमता अभिबृद्धि गर्दै "आकस्मिक स्वास्थ्य तथा पोषण योजना" तयार गरी लागू गरिनेछ ।

१३६. नसर्ने रोगको उच्च जोखिमलाई मध्यनजर गर्दै ४० बर्ष भन्दा माथिका नागरिकहरुलाई कम्तिमा बर्षको एक पटक स्क्रिनिङ गर्ने ब्यवस्था मिलाईनेछ ।

१३७. जन्मेदेखि १५ महिना सम्मका बालबालिकालाई प्रदान गर्दै आइएको खोप सेवालाई निरन्तरता दिंदै पूर्ण खोप सुनिश्चतता नगरपालिकाको घोषणा गरिनेछ ।

१३८. किशोर किशोरीमैत्री स्वास्थ्य र पोषण सेवा, विद्यालय स्वास्थ्य तथा पोषण प्याकेज कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३९. जनस्वास्थ्य प्रवर्द्धनका लागि “स्वास्थ्य जीवनयापन प्रवर्द्धन” र सुर्तीजन्य पदार्थ प्रयोगको नियन्त्रण र नियमनका लागि सचेतना तथा ऐन बमोजिम अनुगमन र कार्यान्वयन गरिनेछ ।

१४०. आत्महत्या न्युनिकरणका लागि विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम र सामुदायिक मानसिक स्वास्थ्य प्याकेज कार्यक्रम लागू गरिनेछ ।

१४१. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको मासिक, अर्धबार्षिक, वार्षिक समिक्षा गर्ने, क्षमता अभिबृद्धि गर्दै थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१४२. विपन्न नागरिक उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।साथै आयुर्वेद स्वास्थ्य सम्बन्धी सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ । साथै आयुर्वेद स्वास्थ्य सेवालाई पोषण कार्यक्रमसंग जोडेर लगिनेछ ।

१४३. प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना रुग्णता (आङ्ग खस्ने, फिस्टुला) पाठेघर मुखको क्यान्सर, स्क्रिनिङ्ग लगायतका प्रजनन् स्वास्थ्य सम्बन्धी सेवालाई संस्थागत र घुम्ति शिविर मार्फत् प्रदान गरिनेछ ।

१४४. जिल्ला अस्पताल लमजुङसँगको समन्वयमा नियमित खोप, परिवार नियोजन, मातृशिशु, स्वास्थ्य सेवा, पोषण सेवा, क्षयरोग, एच.आइ.भि. सेवा एकद्धार संकट व्यवस्थापन केन्द्र डाइलासिस सेवा लगायतको जनस्वास्थ्य सेवामा समन्वय र साझेदारीमा कार्यसञ्चालन गरिनेछ ।

१४५. लमजुङ जिल्ला अस्पतालको स्तरोन्नति सुविधा विस्तारको लागि प्रदेश सरकार लगायत अन्य निकायहरुसंग पहल गरिनेछ ।

१४६. "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका मापदण्ड भित्र पर्ने विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको लागि नगरपालिकाबाट आवश्यक सहजीकरण गरिनेछ ।

१४७. नेपाल सरकारको निरोगी नेपाल अभियान अन्तर्गत आफ्नो स्वास्थ्य आफ्नै दायित्व स्वरुप सन्तुलित आहार, योग, शारिरीक व्यायाम, व्यक्तिगत सरसफाईलाई समेत जोड दिनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिने कार्यमा आयुर्वेद स्वास्थ्य संस्था समेत परिचालित गरिनेछ ।

१४८. सुरक्षित गर्भवती सेवा लगायत विशेष उपचार सेवा आवश्कयता परेका विपन्न परिवारका बालबालिका र अन्य उमेर समुहका नागरिकहरुको लागि प्रदान गर्दै आइएको निःशुल्क एम्वुलेन्स सेवालाई थप मापदण्ड बनाई अझ बढी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

१४९. मानसिक स्वास्थ्य समस्याको न्यूनीकरणको लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०७९ वमोजिम कार्य गरिनेछ ।

१५०. कुपोषणको न्युनीकरणका लागि राष्ट्रिय योजना आयोगले तयार पारेको बहुक्षेत्रीय पोषण योजना- तेश्रो(२०८०/८१-२०८७/८८) को लक्ष्य मुताविक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ ।

१५१. स्वास्थ्य तथा पोषण सेवालाई प्रभावकारी बनाउन पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

### शिक्षा, भाषा, कला तथा साहित्यः

१५२. "हाम्रो समुदायको विद्यालय हाम्रो प्रतिष्ठा र पहिचान, सुधारका लागि चलाऔं अभियान" भन्ने मूल नाराका साथ विद्यालयहरुको शैक्षिक र प्रशासनिक व्यवस्थापन सुधार गर्दै भौतिक, शैक्षिक, शिक्षण सिकाइयुक्त बालमैत्री नमूना विद्यालयमा रुपान्तरणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

१५३. कम्तिमा एक विद्यालय एक बालबिकास केन्द्रको अवधारणा लिइ वालबालिकाहरुको संख्या न्यून भएका समुदायमा आधारित बालबिकास केन्द्रहरुलाई पुनर्बितरण गरिनेछ ।प्रारम्भिक बालबिकासको कक्षामा निर्धारित मापदण्ड अनुसार बसाइ व्यवस्था र सरसफाईलाई ध्यानदिइ खेल सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिजुवल सामाग्री सहित आकर्षक मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।

१५४. अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन गरिनेछ । बिपन्न जेहन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्ने र बालबालिकाहरुको सृजनात्मक क्षमतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

१५५. विद्यालय शिक्षामा गुणस्तर कायम गर्नका लागि पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयहरुमा प्रयोगशाला, पुस्तकालय तथा सिकाइ कुनाको ब्यवस्था गरिनेछ ।शिक्षण सिकाईलाई आधुनिक प्रविधिमैत्री बनाउनका लागि विद्यालयहरुमा इन्टरनेट, ल्यापटप, प्रोजेक्टर स्क्रिन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । बिद्यालयहरुमा डिजिटल शैक्षिक सामग्रीहरु व्यवस्थापनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१५६. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विषयगत शिक्षक समूह गठनगरि सिकाई उपलब्धी सुधार गर्नका लागि परिचालन गरिनेछ ।

१५७. आधारभूत तहको कक्षा ८ मा सञ्चालन हुँदै आएको नगरपालिकास्तरीय परीक्षालाई ब्यवस्थित गरिनेछ । कक्षा ४ देखि कक्षा ९ सम्म विद्यालयस्तरमा सञ्चालन हुँदै आएको बार्षिक परीक्षालाई पनि नगरपालिका भरमा एकरुपता कायम गरि सञ्चालन गर्न प्रबन्ध मिलाइनेछ । विद्यार्थी उपलब्धिको नतिजालाई आधारमानि शिक्षक र विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

१५८. साधारण एवम् प्राविधिक धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरुको संरचनात्मक विकास र नियमन कार्यलाई प्राथमिकतामा राखिनेछ भने अन्य विद्यालयहरुको नियमन प्रणालीमा सुधार गरिनेछ ।

१५९. स्थानीय स्तरमा गठन भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम (TVET) सञ्जाललाई क्रियाशील बनाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यक्रमहरु सञ्चालन गरिनेछन् भने प्राविधिक धारका विद्यालयहरुमा विद्यालय स्तरीय TVET सञ्जाल गठन गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६०. बेसीशहर नगरपालिकाले निर्माणगरि शैक्षिक सत्र २०८० देखि लागू गरेको कक्षा १– ८ को स्थानीय पाठ्यक्रमसँग सम्बन्धित सन्दर्भ सामाग्रीहरु विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६१. उपमेयरसंग बालिका शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा लगिनेछ ।साथै किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१६२. विद्यालयका प्रधानाध्यापकलाई शैक्षिक र प्रशासनिक तवरले बलियो बनाउने उद्देश्यका साथ विद्यालय सुशासन र शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको समयानुकूल गतिशील बहुआयामिक भूमिका र प्रशासनिक व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग क्षमता अभिबृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६३. विद्यालयहरुका बालबालिकाहरुका लागि स्थानीय स्वास्थ्य संस्थामा आधारित स्वास्थ्य परिक्षण र उपचार

१६४. कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।सञ्चालन गरिनेछ ।

१६५. विद्यालयका शिक्षकहरुलाई विद्यार्थी मनोसामाजिक परामर्श प्रदान गर्न क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१६६. सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापन सुधारका लागि विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ पदाधिकारीहरु र अन्य सरोकारवाला अभिभावकहरुका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६७. सामुदायिक सिकाइ केन्द्रहरुलाइ निरन्तर शिक्षा लगायत शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि सक्रिय रुपले परिचालन गरिनेछ । न्यून साक्षरता भएका वडाहरुमा निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरि युवाहरु र वयस्कहरुका लागि सिकाइका अवसरहरु प्रदान गरिनेछन् ।

१६८. गण्डकी प्रदेश सरकारले निर्धारण गरेको विद्यालयको स्तर निर्धारण मापदण्ड अनुसार संस्थागत विद्यालयहरुको स्तर निर्धारणगरि विद्यार्थीहरुबाट लिन पाउने अधिकतम् शुल्कको सिमा निर्धारण गरिनेछ ।

१६९. विद्यालय तहदेखि नै खेलकुद, स्काउट र योगाभ्यासका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१७०. बालबिकास केन्द्रका सहयोगि कार्यकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिकमा यथोचित मात्रामा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

१७१. निश्चित मापदण्डका आधारमा नगरपालिका स्तरमा शिक्षक दरबन्दी मिलानको कार्यक्रम सञ्चालन गरिनेछ ।

१७२. सामुदायिक र संस्थागत विद्यालयहरु बिच गुणस्तर बिकास र असल अभ्यासको आदान प्रदानको लागि साझेदारी गरिनेछ | सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिकाको स्वास्थ्य चौकि र सहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ |

१७३. कला साहित्यको प्रवर्द्धनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । लोककला र साहित्यका स्थापित सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीति लाई निरन्तरता दिइनेछ ।

१७४. आदिबासी जनजाति लगायत विभिन्न समुदायको रैथाने भाषा, संस्कृति, प्रथा तथा परम्परागत ज्ञान सीपको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ ।

## युवा, खेलकुँद तथा नवप्रवर्तनः

१७५ “सबैका लागि खेलकुद,स्वास्थ्यका लागि खेलकुद” भन्ने अभियानका साथ खेलकुद सम्बन्धी प्रतियोगिता सञ्चालनकालागि स्थानीय खेलकुद सम्बन्धि संघ/संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

१७६ सहजी फूटबल खेल मैदानलाई सहजी रङ्गशालाको रुपमा परिणत गर्नेगरी पूर्वाधार विकासका लागि बजेट प्राप्त भई जग्गाको कारण पूर्वाधार कार्य रोकिन गएमा जग्गा खरिद कार्यमा आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

१७७ नगरपालिकाको प्रत्येक वडामा कम्तिमा १/१ वटा खेल मैदान निर्माण वा सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।खेल मैदान निर्माणका लागि सम्बद्ध निकायहरुसँग साझेदारी गरिनेछ ।

१७८ बिभिन्न सीपमूलक तालिम प्राप्त युवाहरुलाई उद्यम ब्यबसाय सञ्चालन गर्न उत्प्रेरित गरिनेछ।शासकीय प्रकृयामा युवाहरुको सहभागिता बृद्धि गर्ने, युवाद्धारा सञ्चालित उद्यम ब्यवसायमा सहयोग गर्ने, सामाजिक कुरीती विभेद र बिसङ्गति विरुद्ध युवा परिचालन गर्ने नीति लिइनेछ ।

१७९ वडा स्तरमा युवा क्लव सञ्जाल गठन गरिनेछ भने युवा लक्षित कार्यक्रमहरुमा नगर युवा परिषदको भूमिकालाई सशक्त पारिनेछ । नगरपालिका स्तरमा तथा वडाहरुमा युवा शसक्तिकरण र युवा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१८० स्थानीय तहस्तरमा सञ्चालन हुँदै आएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाई जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा उत्कृष्ठ स्थान प्राप्त गर्ने वातावरणका लागि विद्यालयहरु र खेलाडीहरुःलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु राखिनेछन् ।

१८१ युवाहरुलाई विकासको मूल प्रवाहमा परिचालन गर्न युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमलाई प्रवर्द्धन गर्दै लगिनेछ ।

१८२ एक युवा- एक उत्पादन वा एक व्यवसाय अभियानलाई प्रोत्साहित गरी युवाहरुलाई अनुत्पादक काममा समय खेर फाल्ने कुरालाई निरुत्साहित गरिनेछ ।

१८३ नगर युवा परिषदलाई युवाहरुको हक हीत र भलाईको लागि कार्यकारीरुपमा काम गर्ने वातावरण मिलाइनेछ ।साथै युवामैत्री नगरपालिकाको लागि रणनीतिक योजना निर्माण, युवा सीपमूलक तालिम, युवा उद्यमी तथा नयाँ प्रतिभा सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८४ नव प्रवर्तनको क्षेत्रमा गर्न सकिने कार्यहरुको बारेमा प्रस्तावना तयार गरी सम्बन्धित निकायहरुमा पेश गरिनेछ ।

### महिला, बालबालिका तथा सामाजिक समावेशीकरणः

१८५ देशको संविधान र शासकीय प्रवन्धले समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित सामाजिक न्याय सहितको समतामूलक समृद्ध समाज निर्माण गर्ने सङ्कल्प लिए अनुरुप आर्थिक र सामाजिक दृष्टिले पछि परेका तथा विशेष संरक्षणको आवश्कयता भएका वर्ग, समुदाय र नागरिकहरुको संरक्षण, सशक्तिकरण र विकासको लागि उच्च प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८६ प्रत्येक नागरिकले आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अधिकारको कार्यान्वयनका लागि राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय महासन्धी र प्रोटोकलहरुमा भएका व्यवस्था वमोजिम कुरीति एवम् कुप्रथाको निवारण, सवै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य, अर्थपूर्ण सहभागिताको सुनिश्चितता, समाजमा हरेक व्यक्तिले हरेक व्यक्तिको सम्मान गर्ने संस्कृतिको विकास, आर्थिक र सामाजिक सशक्तिकरण जस्ता विषयहरुमा ध्यान दिई सचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१८७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ समतामूलक सिद्धान्त अनुरुप देहायका विशेष क्षेत्रहरुमा देहायका नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

### अपांगता सम्बन्धी

१८८ नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक र आर्थिक अवस्था खुल्ने गरी विस्तृत खण्डीकृत तथ्याङ्क लिइने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

१८९ अपाङ्गता भएका व्यक्तिहरुको कानूनी अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता बारे सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने कार्यलाई जारी राखिनेछ । साथै आवश्यक प्राविधिक सहयोग लिई अपाङ्गतामैत्री स्थानीय तहका सूचकहरु तयार गरिनेछ ।

१९० मध्यम प्रकारको अपांगता परिचय पत्र (ग बर्ग) लिएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९१ ग बर्गको अपांगता परिचय पत्र लिएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९२ अपांगता भएका व्यक्तिहरुले कानून वमोजिम पाउनु पर्ने सेवासुविधा, छुट र सहुलियतको कार्यान्वयन सम्बन्धमा अन्य निकायहरुसंग समेत समन्वय गरी नियमन र वहशपैरवी गरिनेछ ।

१९३ अपांगता भएका व्यक्तिहरुलाई आवश्कयता पहिचान सहित सहायक सामाग्रीहरु तथा प्रविधिहरु दोहोरोपना नहुने गरी उपलब्ध गराइनेछ ।

१९४ अपाङ्ता भएका ब्यक्तिहरुको नगरस्तरीय सञ्जालसंगको समन्वयमा अपांगता भएका व्यक्तिहरु र नीजहरुको अभिभावक तथा परिवार लाभान्वित हुने गरी सामाजिक र आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९५ अन्य लक्षित वर्ग सम्बन्धी कार्यक्रम तथा शिक्षा, स्वास्थ्य, कृषि सीपविकास जस्ता क्षेत्रगत कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा त्यसभित्र पनि अपांगता भएका व्यक्तिहरु वा नीजका परिवारका सहभागितालाई सुनिश्चित गरिनेछ ।

१९६ अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराउने तथा परिचय पत्र नविकरण गर्ने कार्य नियमित रुपमा गरिनेछ ।

१९७ नगरपालिकाबाट जारी हुने सवै प्रकारका सूचना, सन्देश, गतिविधि तथा कार्यक्रम सम्बन्धी विषयहरुमा सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको डिजिटल पहुँच बृद्दि गर्न आवश्यक सहयोग गरिनेछ ।

## महिला सम्बन्धी

१९८ संघीय संसदमा महिलाहरुको प्रतिनिधित्व ३३.६%, प्रदेशसभामा ३४.५% र स्थानीय तहमा ४०.९% रहे पनि समुदायमा कतिपय महिलाहरुको अवस्था दयनीय देखिन्छ र उनीहरु विभिन्न विभेद,लाञ्छना र हिंसाबाट पिडित भएको पाइन्छ ।यस्तो अवस्थामा कानूनी साक्षरता तथा समग्र महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९९ जीवनकालमा शारीरिक, मानसिक वा यौनजन्य हिंसा पीडित महिलाहरुको संख्या अझै पनि २३.४ प्रतिशत रहेको परिप्रेक्ष्यमा महिला हिंसा अन्त्यको लागि लैङ्गिक हिंसा बिरुद्धको अभियानमा गरिने कार्यक्रम लगायत महिला हिंसा न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०० महिलाहरुमा देखा पर्ने रोगहरुलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२०१ "बेसीशहरका महिला- विकास निर्माणमा पहिला" भन्ने सोच अनुरुप स्थानीयस्तरको विकास निर्माण र अभियानमूलक कार्यहरुमा आमा समुह तथा वडा र नगरस्तरीय महिला सञ्जालहरु परिचालन गरिनेछ ।

२०२ अन्तर्राष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रमहरुका साथ मनाउने सन्दर्भमा विभिन्न क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने सफल महिलाहरु सूचकको आधारमा छनौट गरी सम्मान गरिनेछ ।

२०३ महिला माथि हुने लैंगिक तथा घरेलु हिंसा र समाजमा रहेका कुप्रथाको विरुद्धमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिलामाथि भएका हिंसाजन्य घटनाहरुलाई बाहिर ल्याउन तथा उजुरी दिनको लागि प्रेरित गरिनेछ साथै वडास्तरीय महिला सञ्जाल मार्फत हिंसा पीडित महिलाहरुको विवरण संकलन गरी आवश्यक सहयोग पुर्याइनेछ ।

२०४ गत आ.व मा स्थापना गरिएको हिंसा पीडित महिलाहरुको अल्पकालिन आश्रयस्थल सञ्चालन र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

२०५ महिलाहरुलाई सीप र उत्पादनसंग जोड्ने गरी कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरिनेछ ।साथै एक महिला-एक घर एक व्यवसायको सोच अनुरुप महिलाहरुलाई आय आर्जन र उद्यम विकाससंग जोडिनेछ ।

२०६ महिलाहरु विच विभिन्न क्षेत्र र विधाका प्रतियोगिताहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

२०७ सवै क्षेत्रको तथ्यांक राख्दा महिला पुरुष छुट्टिने गरी खण्डीकृत तथ्यांक राख्ने प्रणालीको विकास गरिनेछ ।

२०८ लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यलाई यस आ.व.बाट कार्यान्वयनमा ल्याइनेछ ।

२०९ बस्ती तथा टोलहरुमा रहेका सवै घरपरिवारका महिलाहरुको प्रतिनिधित्व आमा समुहमा रहेको, सवै आमा समुहहरुको प्रतिनिधित्व वडास्तरीय महिला सञ्जालमा रहेको र सवै वडाहरुको प्रतिनिधित्व नगरस्तरीय महिला सञ्जालमा रहेको हुँदा महिला सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्दा यो नेटवर्कलाई उपयोगमा ल्याईनेछ ।

२१० आमा समुह र सञ्जालहरुको संस्थागत विकास र क्षमता अभिबृद्धि सम्बन्धी कार्यमा आवश्यक सहयोग गरिनेछ ।

२११ उपभोक्ता समिति लगायत विभिन्न समितिहरुमा महिलाहरुको नेतृत्व र सार्थक सहभागिता स्थापित गराउन पहल गरिनेछ ।

२१२ छोरा र छोरी विच हुने पक्षपातपूर्ण व्यवहार र विभेद अन्त्यको लागि “छोराछोरी बराबरी" अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२१३ विभिन्न युवा तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्दा महिलाहरुको सहभागितालाई प्राथमिकतामा राखिनेछ ।

२१४ घरायसी कामको बोझको कारण कतिपय महिलाहरु क्षमता हुँदा हुँदै पनि नेतृत्व तहमा बाहिर निस्कन नसकेको हुँदा महिलाहरुको कार्यबोझ घटाउने खालका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिने तथा घरको काम महिला र पुरुष आधा आधा मिलेर गर्ने संस्कृतिको विकास गर्दै लगिनेछ ।

### बालबालिका सम्बन्धीः

२१५ बेसीशहर नगरपालिकाको १८ बर्ष मुनिको बालबालिकाहरु कुल जनसंख्याको ३१ प्रतिशत रहेको छ । बालबालिका भविष्यका कर्णधार मात्रै होइनन् वर्तमानका हिस्सेदार पनि हुन भन्ने भावनालाई आत्मसात् गर्दै बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास सहितको सर्वाङ्गीण व्यक्तित्व विकासको लागि स्वास्थ्य, शिक्षा, संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुन जरुरी देखिन्छ ।यसको लागि स्पष्ट नीति, कार्यक्रम तथा संस्थागत प्रवन्ध मार्फत थप व्यवस्थित गर्दै लगिनेछ ।

२१६ बालबालिकाहरुमाथि हुने विभेदको अन्त्य गर्दै उनीहरुको सर्वोत्तम हीत, चौतर्फि विकास र विचार/भावनाको कदर गर्ने गरी बालमैत्री पद्धति अवलम्बन गरिनेछ ।

२१७ २०८२ सम्ममा नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुरुप बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु र सवै चरणहरु पुरा हुने गरी बालबालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।आगामी आवमा थप ४ वटा वडालाई बालमैत्री वडा घोषणा हुने गरी कार्यक्रम अघि बढाइनेछ । यसको लागि बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरीय तथा समुदायस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२१८ नगरपालिकास्तरीय र वडास्तरीय बालमैत्री स्थानीय शासन कार्यान्वयन समिति एवम् बाल अधिकार समितिलाई बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन र बालबालिकाहरुको हीतमा आवश्यक निर्णय लिने र काम गर्ने गरी क्रियाशिल बनाइनेछ ।

२१९ कठिन परिस्थितिका बालबालिकाहरुको संरक्षण र विकासको लागि आवश्यक सहयोग पुर्याइनेछ । समुदायमा बाल संरक्षण प्रणालीको संयन्त्रलाई क्रियाशिल बनाइनेछ ।

२२० बालबालिका विरुद्ध हुने सवैप्रकारका हिंसा हटाउनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२१ बालबालिकाहरुसंग सम्बन्धित नगर बाल अधिकार समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन नगर तथा वडास्तरीय समितिहरुको क्रियाशिलता बृद्धि गरिनेछ ।

२२२ समुदायस्तरीय बाल क्लवहरु गठन तथा पुनर्गठन गरिनेछ । नगरस्तरीय तथा वडास्तरीय बाल सञ्जालहरुको संस्थागत विकासमा सहयोग गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

२२३ बालबालिकाहरुसंग सरोकार राख्ने विभिन्न बैठक भेलाहरुमा बालबालिकाहरुको संस्थागत प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।

२२४ नगरस्तरीय बाल भेलाबाट प्राथमिकीकरण भै आएका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२२५ विद्यालयहरुमा अध्ययनरत किशोरीहरुलाई महिनाबारीको समयमा आवश्यक सामाग्रीको उपलब्धता एवम् स्वच्छता सहितको शौचालयको व्यवस्थामा जोड दिइनेछ ।

२२६ बालविवाह न्युनीकरण तथा बालश्रमको अन्त्य लगायतका कार्यहरु गरिनेछ । बालबालिकाहरु कुनै पनि शारीरिक तथा मानसिक यातना नदिइने कुराको सुनिश्चितता गरिनेछ ।बालबालिकाहरुको ३५ दिन भित्र जन्मदर्ता गर्नुपर्ने कानूनी व्यवस्थालाई सुनिश्चित गरिनेछ ।

२२७ बालबालिकाहरु विरुद्ध हुने हिंसा, शोषण वेवास्ता र दुर्व्यवहारमा कमी हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै बालबालिकाहरुलाई कुलतमा लाग्नबाट रोक्न अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

२२८ विभिन्न कारणले कठिन परिस्थितिमा रहेका र असहाय बनेका बालबालिकाहरुको संरक्षण र विकासको लागि आवश्यक कार्य गरिनेछ ।

२२९ बालबालिकाहरु बढी उत्प्रेरित हुने तथा सीप बढाउने खालका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ ।

### जेष्ठ नागरिक सम्बन्धीः

२३० ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ |ज्येष्ठ नागरिकहरुलाई मानसिक एबम शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ |

२३१ आगामी आवमा वडास्तरीय जेष्ठ नागरिक मञ्च गठन प्रक्रिया सम्पन्न गरी नगरस्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिनेछ ।

२३२ जेष्ठ नागरिकलाई नीति निर्माण, विकास कार्यक्रम र सम्पदा तथा संस्कृति संरक्षणका क्षेत्रमा प्राथमिकता दिई सहभागिता बढाइनेछ ।

२३३ घरमा आफ्ना जेष्ठ नागरिक अभिभावकको निस्वार्थ सेवामा समर्पित हुने घरपरिवारका हेरचाहकर्ताहरुलाई विभिन्न सूचकहरुको आधारमा छनौट गरी सम्मान गर्ने कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।

२३४ विगतदेखि सञ्चालन गर्दै आइएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३५ जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्था तथा समुदायलाई आवश्यक सहयोग गरिनेछ ।

२३६  ६० बर्ष माथिका एकल पुरुष जेष्ठनागरिक हरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२३७  जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु मार्फत स्वास्थ्य परिक्षण सहितको घरदैलो स्वास्थ्यसेवा उपलब्ध गराइनेछ ।

२३८  जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

### दलित र अन्य सम्बन्धीः

२३९  दलित समुदायका युवाहरुलाई आधुनिक सीपमूलक तालिमहरु उपलब्ध गराई नयाँ पेशा र व्यवसायमा जोड्ने प्रयास गरिनेछ ।

२४०  दलित समुदायले भोग्नु परेका छुवाछुत र जातिय विभेदलाई उन्मुलन गर्न मद्धत पुग्ने खालका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । पुनरावृत्ति हुँदै आएका विभेद र शोषणलाई प्रश्रय दिने सामाजिक संरचना र मुल्यमान्यता र सोचको अन्त्य गर्नेतर्फ ध्यान दिइनेछ ।

२४१  विपन्न दलितहरुको जिविकोपार्जन सशक्तिकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४२  नगरपालिकामा रहेका मानव सेवा आश्रम, बाल गृहहरुलाई आवश्यक सहयोग गरिनेछ ।

२४३  जनजाति लगायत अन्य जातजातिहहरुको रैथाने भाषा, संस्कृति, प्रथा, पराम्परागत ज्ञान र सीपको संरक्षण र प्रवर्द्धनका लागि मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४४  चेपाङ लगायत पछाडि परेका जातजाति र समुदायको हीतको लागि आवश्यक अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### सामाजिक सुरक्षा तथा पञ्जिकरणः

२४५  **Electronic Fund Transfer (EFT)** मार्फत त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता सोझै सेवाग्राहीको खातामा भुक्तानी दिने प्रणालीलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको हरेक महिना नयाँ नाम दर्ता, लगत कट्टा, परिचयपत्र वितरण कार्य गरिनेछ।

२४६  सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनिवार्य रुपमा बायोमेट्रिक भेरिफिकेशन सिस्टमबाट वडास्तरमा नवीकरणको कार्य गरिनेछ । उक्त कार्यको लागि आवश्यक मेसिन खरिद गर्ने तथा वडास्तरका कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

२४७  सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई ३५ दिन भित्रै गर्ने दरलाई सत प्रतिशत तर्फ लैजाने गरी कार्यान्वयन गरिनेछ। जन्मदर्तालाई अभियानको रुपमा लैजान घटना दर्ता शिविरहरु सञ्चालन गरिनेछ ।

२४८  कानुनी विवाद तथा समस्याहरुको चाडो र प्रभावकारी समाधानको संयन्त्रको विकास गरि गुनासो सुनुवाई प्रणालीलाई व्यवस्थित गर्दै हाल प्रचलनमा आएको **VERSP-MIS** प्रणालीबाट स्थानीय तह, वडा

कार्यालयहरु र विभागमा गरिने पत्राचारको पोर्टलको समय सापेक्ष सुधार सहित प्रभावकारी सञ्चालनलाई अनिवार्य गराइनेछ।

२४९ सूचना प्रविधिको अधिकतम प्रयोग गरि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई सुशासन कायम गर्ने एक माध्यमको रुपमा विकास गरी जनतालाई सरल, सहज एवम् पारदर्शीरुपमा सेवा प्रदान गरिनेछ।

२५० घटना दर्ता शिविर, दर्ता सप्ताह अभियानहरुलाई प्रभावकारी कार्यान्वयन गरि प्रतिफलमुखि बनाइनेछ।

२५१ अनलाईन घटना दर्तालाई प्रभावकारी बनाई घरैबाट पनि दर्ताको कार्य गर्ने कार्यमा समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

## खानेपानी तथा सरसफाईः

२५२ सबै नगरबासीलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्न तथा सबै खानेपानीको श्रोतलाई मानव निर्मित फोहरबाट अलग राखी श्रोतको संरक्षण गर्ने कार्यमा खानेपानी उपभोक्ता समितिहरुलाई परिचालन गरिनेछ ।

२५३ सवै घरधुरीहरुमा एक घर एक धारा कार्यक्रम पुर्‍याउने लक्ष्यका साथ खानेपानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५४ उपभोक्ताहरुले उपभोग गरिरहेको खानेपानीको शुद्दीकरण परीक्षणको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

२५५ "दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार" भन्ने नारालाई सफल पार्न अधिकतम प्रयास गरिनेछ ।

२५६ जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको मर्मत तथा सुधार विस्तार गर्दै लगिनेछ । साथै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ ।

२५७ ठूला प्रकृतिका खानेपानी आयोजनाहरु संघ र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिने तथा ठूला आयोजनाहरुको लागि संघ र प्रदेशमा सिफारिश गरिनेछ ।

२५८ पिउने पानीको शुद्धिकरणको लागि कम्तिमा एक घर एक फिल्टर जडान गरी पानीजन्य संक्रमणबाट बच्न सचेतना कार्यक्रम गराइनेछ ।

२५९ घर र सार्वजनिक धाराबाट निस्कने फोहरपानीको व्यवस्थापनमा ध्यान दिन समुदायलाई परिचालित गरिनेछ ।

२६० खानेपानी उपभोक्ताहरुको नगरपालिकास्तरीय सञ्जाल तयार गरी खानेपानीसंग सम्वन्धित सूचना तथा माग संकलन तथा खानेपानी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२६१ सवै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा युवा क्लव तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

२६२ खानेपानी उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२६३ शौचालय नभएका विपन्न, दलित, असहाय, व्यक्तिहरुको निम्ति शौचालय निर्माण गर्न अनुदान रकम प्रदान गरिनेछ ।

२६४ नगरभित्रका प्रत्येक वडाहरुमा सरसफाई सम्बन्धी वडास्तरीय अभिमुखीकरण सञ्चालन गरिनेछ ।

२६५ नगरपालिकास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई क्रियाशिल बनाइनेछ ।

## पूर्वाधार विकास

### सडक, पुल तथा यातायातः

२६६ सडक यातायात नगरपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र रहेको तथा सामाजिक र आर्थिक विकासमा सडकले महत्वपुर्ण योगदान पुर्‍याउने भएकोले आगामी आर्थिक बर्षमा पनि सडक स्तरोन्नति तथा मर्मत सम्भार कार्यलाई मुख्य जोड दिइनेछ ।

२६७ नगरपालिकाको केन्द्रबाट सवै वडा कार्यालयहरुसम्मको सडक बाह्रै महिना २४ सै घण्टा सुचारु गरिनेछ । साथै अन्य एम्बुलेन्स जान सक्ने सडकहरुलाई पनि मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछ ।

२६८ नगर यातायात गुरुयोजना (MTMP) वमोजिम सडकहरुको वर्गिकरण र प्राथमिकीकरण गरी सडकहरुको स्तरबृद्धि गरिनेछ । नगरपालिकामा उपलब्ध हुने बजेटबाट सडक कालोपत्रे गर्न कठिन भएपनि मोड सुधार, नाली निर्माण, टेवा पर्खाल निर्माण, सोलिङ, जस्ता कार्यहरु सम्पन्न गरिनेछ ।

२६९ समपुरक अनुदान अन्तर्गत संघीय सरकार र नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा गत आ.व.बाट शुरु गरिएको उदीपुर नयाँगाउँ सडक र धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक स्तरोन्नतिको लागि ५०/५० को आधारमा बजेट विनियोजन गरिनेछ ।

२७० साथै प्रदेश समपुरकतर्फ जिल्ला अस्पताल चोक- मर्स्याङदी मोटरेवल पुल-१० नं वडा कार्यालयसम्मको सडकको स्तरोन्नति गरिनेछ ।

२७१ संघीय तथा प्रदेश समपुरकतर्फ नपरेका मुख्य प्राथमिकताका सडकहरुमा नगरपालिकाबाट यथासक्य बजेट विनियोजन गरिनेछ ।

२७२ बजार तथा बजारोन्मुख क्षेत्रमा नगरपालिकाको ६०% र स्थानीय समुदायको ४०% लागत साझेदारीमा निर्माण भएका सडकहरुको मर्मत सम्भार गरिनेछ ।

२७३ बर्षाको समयमा आउने भल, बाढी पहिरोबाट सडक क्षतिग्रस्त हुने हुँदा सडक मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरी बर्षाको कारणले क्षति हुने सडकहरु मनसुन लगतै मर्मत सम्भार कार्य गरिनेछ ।

२७४ सडक बोर्डतर्फबाट प्राप्त हुने सडक मर्मत सम्भार तथा स्तरोन्नतिको लागि सडक समपुरक कोषमा ३०% रकम विनियोजन गरी सडकहरुको मर्मत सम्भार र स्तरबृद्धि गरिनेछ ।

२७५ सेरा भलामखोला सडक पुल, चिती धुँवाखोला सडक पुल, सानो धिमिरे र ठूलो धिमिरे जोड्ने गाईखुरे सडक पुल, मजुवा खोला सडक पुल, निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसंग माग गरिनेछ ।

२७६ घर तथा अन्य संरचना निर्माण गर्दा सडक मापदण्डको पालना गरे नगरेको नियमन गरिनेछ । यदि कहीं कसैले सडक मापदण्ड मिच्न खोजेमा तुरुन्त कारबाहीको दायरामा ल्याइनेछ ।

**भवन,आवास तथा बस्ती विकासः**

२७७ नगरपालिकाको प्रशासनिक भवन र आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ |

२७८ पैदलयात्रीहरुको सहज आवागमनका लागि फुटपाथको उपयोग सहज र सरल बनाईनेछ | फुटपाथमा मानब आवतजावत बाहेकका सबै क्रियाकलापलाई निषेध गरिनेछ |

२७९ बेसीशहर बजार क्षेत्रको व्यवस्थापनको सन्दर्भमा बजार क्षेत्रको सडकमा जाम हुन नदिने, फुटपाथको ब्यवस्थापन गर्ने, पार्किङ ब्यवस्थापन मिलाउने, यस अघि भएका वजार ब्यवस्थापनका कार्यक्रमहरुलाई निरन्तरता दिने, नाली सरसफाई, स्ल्याव मर्मत तथा पुराना विद्युत पोल हटाई तार हटाउने, मापदण्ड मिचेर बनाइएका संरचनाहरु हटाउने, वजार क्षेत्रमा कार्यालय समयमा ठूला मालबाहक सवारी साधन प्रवेश गर्न नदिने जस्ता कार्यहरु गरिनेछ ।

२८० घरका छत, वाथरुम, सेफ्टीट्यांकी आदिबाट निस्कने फोहरजन्य पानी सार्वजनिक स्थल, आदिमा खसाली प्रदुषण फैलाउने कार्यलाई बन्देज गरिनेछ ।

२८१ एकिकृत शहरी पूर्वाधार विकासको अवधारणा अनुरुप गरिने कार्यहरुको लागि सवै सरोकारवाला निकायहरु विच आपसी सहकार्य र तालमेल मिलाउनको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ । खानेपानी तथा ढल निकास विभागसंग साझेदारी गर्दै ढल निकासको प्रवन्ध मिलाइनेछ ।

२८२ सुरक्षित बसोबास र व्यवस्थित बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । प्राविधिक हिसावले सुरक्षित एवम् उपयुक्त, आर्थिक दृष्टिले सम्भाव्य तथा वातावरणीय दृष्टिले सन्तुलित बस्ती विकास र भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

२८३ उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, टोल विकास संस्था, स्थानीय प्रशासन, युवा क्लव जस्ता सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा गरी बेसीशहर बजार क्षेत्रको व्यवस्थापन गरिनेछ ।

२८४ सुरक्षित नागरिक आवास, शहरी विकास तथा विपद् जोखिमको सम्बन्धमा कार्ययोजनामा उल्लेख भएका विषयहरुलाई क्रमशः कार्यान्यनमा लगिनेछ ।

२८५ बेसीशहर बजार क्षेत्रको ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२८६ बजारोन्मुख तथा बस्ती बस्ने सम्भावना भएका स्थानहरुमा व्यवस्थित शहरीकरणको अवधारणा अनुरुप बस्ती स्थापनाको लागि मापदण्ड निर्धारण गरिनेछ ।

२८७ समुदायमा रहेका सामुदायिक भवनहरुलाई बहुउद्देश्यीय बनाउनेतर्फ ध्यान दिइनेछ ।

२८८ डिजिटल माध्यमबाट सामुदायिक भवन लगायतका संरचनाहरुको अवस्थाको बारेमा अभिलेखीकरण गरिनेछ ।

## विद्युत/ऊर्जाः

२८९ बेनपा १ नगरपालिका प्रवेशद्वारदेखि बेनपा ६ मानेस्वाँरासम्मको सडक मार्गमा सडक बत्तिको व्यवस्थापन मिलाउने कार्यलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२९० सडकवत्ति बाल्ने कार्यमा बत्ति जडान, मर्मत सम्भार, शुल्क र दीगो व्यवस्थापनको लागि नगरपालिकाबाट उपयुक्त मापदण्ड र मोडालिटी तयार गरी सडक बत्तिको विस्तार र व्यवस्थान मिलाइनेछ ।

२९१ बेसीशहर बजार क्षेत्रमा जडान गरिएको सडक बत्तीको मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२९२ विद्युत सेवाको सुविधाबाट कुनै पनि घरपरिवारलाई विमुख पारिने छैन । साथै नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी आवास र बजार क्षेत्रका नांगो विद्युत तारलाई प्लाष्टिक कोटेड गराउने कार्यको लागि पहल गरिनेछ ।

२९३ खाना पकाउने इन्धनको लागि विद्युतीय (इन्डक्सन) चुलो दीर्घकालिन दृष्टिकोणले बढी उपयोगी हुने देखिएको हुँदा उपभोक्ताहरुलाई उक्त चुलोको उपयोग बढाउन प्रोत्साहित गरिनेछ ।

२९४ वैकल्पिक ऊर्जा क्षेत्रका नयाँ प्रविधिहरुलाई उपयोग गर्ने नीति लिइनेछ ।

## सूचना प्रविधि तथा सञ्चारः

२९५ नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा बेसीशहर नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तारहरु व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२९६ नगरक्षेत्रका आन्तरिक पर्यटक विश्राम गर्ने केही सार्वजनिक स्थलहरुमा नेपाल टेलिकमसंगको समन्वयमा फ्रि वाइफाई जडान गरी सञ्चालनमा ल्याइनेछ ।

२९७ सञ्चार माध्यमहरुको संस्थागत पूर्वाधार सुदृढीकरणको लागि लागत साझेदारीमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## (घ)वन, वातावरण तथा विपद् व्यवस्थापन

### वन, भू संरक्षण तथा जैविक विविधताः

२९८ खाली र बाँझो नीजि, वन क्षेत्रमा जग्गाहरुमा स्थानीय जलवायु सुहाउँदो फलफूल प्रजातिहरु पहिचान गरी फलफूलका खेती प्रणालीको विकास गर्ने कार्यमा सहयोग पुर्याइनेछ ।

२९९ सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप सञ्चालन गर्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

३०० कच्ची सडकहरुको विस्तारसंगै मनसुनको समयमा पानी पर्ने गतिमा आएको परिवर्तनले हाम्रो पहाडी भिरालो जमिनमा भूक्षय तथा भू स्खलन बढ्दै गएको हुँदा विकास निर्माणमा वातावरणीय पक्षको अध्ययन मूल्याङ्कन गरी विकास निर्माण कार्य अघि बढाइनेछ । साथै वायो इन्जिनियरिङ तथा बाँस अम्रिसो रोपण गरी माटो बग्नबाट रोक्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३०१ जैविक विविधतातर्फ लोपोन्मुख बाली र वनष्पतिको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण, जलाधार क्षेत्रको संरक्षण गरी पानीका मुहान र श्रोतहरु सुक्न नदिने, संरक्षणमा संलग्नहरुलाई उत्प्रेरित गर्ने, जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउने, बन डढेलो नियन्त्रण गर्न समुदायलाई अग्रसर गराउने जस्ता कार्य गरिनेछ ।

### वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनः

३०२ बेसीशहर नगरपालिकाको बजार तथा ग्रामीण क्षेत्रलाई सधैं स्वच्छ, रमणीय, सफा तथा सौंन्दर्यता सहितको हरियालीयुक्त बनाउने कार्यमा समुदाय तथा टोल विकास संस्थाहरुलाई सहयोग गरिनेछ ।

३०३ नगरभित्रको फोहोर व्यवस्थापनका निमित्त सेनेटरी ल्याण्डफिल्ड साईट तथा फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्नको लागि जग्गा व्यवस्थापनमा जोड दिइनेछ ।

३०४ नगर क्षेत्र भित्र निस्कने कुहिने र नकुहिने फोहरमैलालाई अलग अलग छुट्याई राख्ने व्यवस्था मिलाउनको लागि सबै वडामा सचेतामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३०५ बेसीशहर बजार क्षेत्रको फोहरमैला संकलन र विसर्जन कार्यको लागि विद्यमान नीजि क्षेत्र संगको सहकार्यलाई जारी राखिनेछ ।

३०६ बजार क्षेत्रबाट गाउँ पुगी फोहरमा परिणत हुने प्लाष्टिकजन्य, सिसाजन्य तथा इलोक्ट्रोनिक सामाग्रीले भएको प्रदुषण र जोखिमलाई न्यूनीकरण गर्न समुदायलाई यसको उचित व्यवस्थापन गर्नको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनः

३०७ प्राकृतिक वा गैर प्राकृतिक विपदका घटना घटिहालेमा खोज, उद्धार, राहत र पुनर्स्थापनाको लागि पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ । आपतकालिन कार्य सञ्चालन केन्द्रमा विपद्जन्य सामाग्रीहरु खरिद गरी व्यवस्थित रुपमा राखिनेछ ।

३०८ मनसुनजन्य बर्षातका कारण नगरपालिकाबाट वडा कार्यालयसम्म जाने पहुँच मार्ग अवरुद्ध हुन सक्ने र सवारी आवगमन रोकिन गई सेवा प्रवाह अवरुद्ध हुने हुंदा नगरपालिकाले आफूसँग भएको जेसिबिलाई तयारी हालतमा राख्ने व्यवस्था मिलाइ ती वडा कार्यालयसम्म जाने पहुँचमार्ग निर्वाधरुपमा खुलाइनेछ ।

३०९ नगरपालिका भित्र विपदजन्य घटनाबाट आहात हुने जनतालाई तत्काल राहतको व्यवस्था मिलाइनेछ ।

३१० विपद्जन्य घटनामा खोज,उद्दार र प्रतिकार्यको लागि फ्रन्टलाइनमा खटिनु पर्ने नगरप्रहरीहरुलाई यस सम्बन्धी विशेष तालिम प्रदान गरिनेछ ।

३११ जनसमुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू परिचालित हुने सन्दर्भमा उक्त निकायहरुको क्षमता विकास तथा आवश्यक सामान, उपकरण उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

३१२ जलजन्य प्रकोप नियन्त्रण तथा भूक्षय नियन्त्रणको लागि तारजाली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। साथै मर्स्याङदी जलाशय क्षेत्र, पुमा खोला, मजुवा खोला, खहरेखोला, धुवाँखोला लगायतका खोलानालाहरुको तटबन्ध निर्माण कार्यमा संघ तथा प्रदेश मातहतका कार्यालयहरुसंग आवश्यक समन्वय गरिनेछ ।

३१३ विपद्को समयमा परिचालित हुँदाको खर्च भुक्तानी प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित गरिनेछ । साथै बाढी पहिरो तथा अन्य कारणले अवरुद्ध हुने ग्रामीण क्षेत्रका सडक खुलाउने कार्यमा जेसिबी जाँदा आउँदा तथा सफा गर्दा लाग्ने खर्च भन्दा स्थानीय जनशक्तिबाट गराउँदा किफायती हुन्छ भने स्थानीय जनशक्तिबाट सफा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

३१४ बर्षातको समयमा पानीजन्य संक्रमणहरु फैलिन सक्ने हुँदा पिउने पानीलाई थप शुद्दिकरण गरेर मात्र उपभोग गर्न नगरबासीहरुलाई आह्वान गरिनेछ ।

३१५ विपद् व्यवस्थापन कोष मार्फत विपदजन्य घटनामा गर्दै आइएको राहत सहयोगलाई निरन्तरता दिइनेछ । साथै विपद्जन्य घटनाको स्थलगत अध्ययन गरेर मात्र सहयोग उपलब्ध गराइनेछ ।

३१६ बाढी पहिरोबाट उच्च जोखिमयुक्त बस्ती भनि पहिचान गरिएका बस्तीहरुमा बर्षातको समयमा थप सतर्कता अपनाउन समुदायलाई अभिप्रेरित गरिनेछ ।

३१७ नगरपालिकाको विपद् व्यवस्थापन ऐन संशोधन गरी विपद् व्यवस्थापन समितिलाई चुस्त प्रकारको बनाइनेछ ।

३१८ विपद्जन्य कार्यमा परिचालित हुने दमकल, जेसिबी, एम्बुलेन्स र सुरक्षा टोलीको सवारी साधनको मर्मत तथा इन्धन खर्च विपद् व्यवस्थापन शिर्षकबाट व्यहोरिने व्यवस्था मिलाइनेछ ।

३१९ जलवायु परिवर्तनले कृषि, ऊर्जा, पर्यटन, स्वाथ्य, जैविक विविधता आदि क्षेत्रमा ल्याउने प्रतिकुल प्रभावका बारे जनचेतना अभिबृद्धि गरी जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीलाई कम गरिनेछ ।

३२० जलवायु परिवर्तनबाट परेका असर र प्रभावलाई न्यूनीकरण तथा अनुकुलन गर्न स्थानीय समुदायको उत्थानशील क्षमता विकास कार्यमा सहयोग पुर्याइनेछ ।

३२१ अन्य निकायहरुको समेत सहयोगमा स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गरिनेछ ।

### (ङ)संस्थागत विकास र सुशासन

#### नीति, कानून, न्याय तथा सुशासनः

३२२ नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्कतानुसार संशोधन, परिमार्जन तथा एकिकरण गरिनेछ । साथै समय सपेक्ष रुपमा आवश्यक पर्ने कानुनहरु निर्माण गर्दै लगिनेछ ।

३२३ नगरपालिकाको गतिविधि र प्रगति समेटेर चौमासिक रुपमा बुलेटिन प्रकाशन गरिनेछ ।

३२४ नगरपालिकाको आय-व्यय मासिक रुपमा वेभसाइट नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

३२५ नगरपालिकाबाट बार्षिक रुपमा नीति बनाइने गरिएकोमा लामो समयलाई काम लाग्ने गरी क्षेत्रगत रुपमा नीति तयार गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

३२६ हालसम्म पारित भएका कानूनहरुमध्ये प्रकाशित हुन बाँकी रहेका कानूनहरुको प्रकाशन गरिनेछ । नगरपालिकालाई आवश्यक परेका कानूनहरु निर्माणमा प्रदेश सरकारको सहयोग लिइनेछ ।

३२७ सबै वडा कार्यालयहरुमा स्थापना भै सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राबिधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।

३२८ सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

३२९ न्यायिक समितिको कार्यदक्षता अभिबृद्धि गर्ने खालका क्रियाकलापहरु सञ्चालन गरिनेछ । मेलमिलाप मार्फत मिलाउन सकिने विवादहरुलाई समयमै मिलाई विवाद निरुपण गरिनेछ । न्यायिक समितिलाई आवश्यक पर्ने कानूनी परामर्श सेवा लिने व्यवस्था मिलाइनेछ ।

३३० आगामी आ.व.को लागि बार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा लगिनेछ ।

३३१ नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना पाटीमार्फत सार्वजनिक गरिनेछ ।

३३२ आगामी वर्ष नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत विच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा/उपशाखा प्रमुखहरु विच कार्यसम्पादन सम्झौता गरिनेछ ।

३३३ संघ सरकारले सम्पूर्ण सरकारी सेवाहरुलाई सूचना प्रविधिमा आबद्ध गर्ने डिजिटल नेपाल फ्रेमवर्क तयार गरेको स्थितिमा नगरपालिकाबाट सम्पादन हुने सम्पूर्ण काम कारबाही व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सूचना प्रविधिको उपयोगलाई बढाउँदै लगिनेछ ।

३३४ नगरपालिकामा आउने गुनासो तत्काल सम्बोधन गरिनेछ । नगरपालिकामा के कति गुनासो/उजुरी प्राप्त भए? र के कति गुनासो/उजुरी सम्बोधन/फछ्र्यौंट भए सो को अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। साथै नगरपालिकामा फोन र इमेल मार्फत गुनासो राख्नसक्ने तथा प्राप्त गुनासो फछ्र्यौंट गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

३३५ जनताको आवाज- मेयरको जवाफ कार्यक्रम अन्तर्गत प्रत्येक चौमासिकमा कम्तिमा एउटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ । साथै वहिर्गमन अभिमत, उपभोक्ता सर्वे, उजुरी फछ्र्यौंटको अवस्था, सेवाग्राही सन्तुष्टि फारमको प्रयोग, सार्वजनिक परीक्षणको प्रतिवेदन जस्ता कार्यबाट सेवा प्रवाहप्रति सेवाग्राहीको सन्तुष्टिको स्तर मापन गरिनेछ ।

३३६ नगरपालिकाको आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु उपभोक्ता समिति, निर्माण व्यवसायी तथा अन्य समितिहरुले आयोजना/कार्यक्रम सम्पन्न भए पश्चात कागजमा नभैकन यथार्थमा सार्वजनिक परीक्षण गर्ने परिपाटीलाई कडाइका साथ पालना गराइनेछ ।कार्यान्वयनस्थलमा आयोजना कार्यान्वयन गर्ने निकायले अनिवार्यरुपमा आयोजना सूचना पाटी (होर्डिङबोड) राख्ने व्यवस्था मिलाइनेछ ।

## संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहः

३३७ चालु आ.व.मा तयार हुने तीन बर्षे क्षमता विकास योजना अनुरुप कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि हुने खालका तालिम तथा अध्ययन भ्रमणहरु सञ्चालन गरिनेछ ।साथै प्रविधिमैत्री सामाग्रीहरु आवश्कयता अनुसार उपलब्ध गराइनेछ ।

३३८ पारित भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र कर्मचारीसंग रहेको व्यक्तिगत क्षमता र अनुभव समेतको आधारमा कर्मचारीहरुको कार्यविवरण तयार गरी सोही कार्यविवरणको आधारमा कार्यसम्पादन गर्ने वातावरण सृजना गर्ने तथा कार्यसम्पादनको मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ ।

३३९ नगरपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवासम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

३४० कार्यालयबाट प्रवाह हुने सेवालाई अधिकतमरुपमा अनलाइन वा सफ्टवेयरमा आधारित बनाउने प्रयत्न गरिनेछ ।

३४१ कार्यालयमा कर्मचारीहरु समयमै उपस्थित हुने, कार्यकक्षमै रहने तथा कार्यालयको मात्र काम गर्ने कुरामा थप अनुगमन गरिनेछ । सेवाग्राहीलाई सम्मान र सेवाभावका साथ सेवा दिने कार्यमा कर्मचारीहरुलाई थप उत्प्रेरित बनाइनेछ ।

३४२ एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना तथा नगरपालिकाले गर्ने विकासको संप्रेषण गरिनेछ ।

३४३ नगरपालिका अन्तर्गतका विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालयहरुमा क्रमश ई हाजिरी जडान गरिने छ ।साथै नगरपालिकाका सम्पूर्ण शिक्षण तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री तालिम सञ्चालन गरिनेछ ।

३४४ नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण र वडा कार्यालय नभएका वडाहरुको भवन निर्माणको लागि जग्गाको टुंगो लगाइनेछ ।

३४५ नगरपालिकामा हेल्प डेस्कलाई व्यवस्थित गरिनेछ ।

### राजश्व तथा श्रोत परिचालनः

३४६ राजश्वको दायरा बृद्धि र कर/गैह्र कर संकलनलाई अनुमानयोग्य बनाउन राजश्व प्रशासनमा संरचनागत सुधार गरिनेछ ।

३४७ करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ | ।साथै अनलाइन सिष्टमबाट राजश्व बुझाउन सक्ने प्रणालीको विकास गरिनेछ ।

३४८ कर तथा गैरकर स्थानीय राजस्वको अनुगमन गर्न विशेष कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ |

३४९ राजश्वको दायरा फराकिलो बनाउन साथै समयमै कर तिर्ने वातावरण सिर्जना गर्न कर संकलन कार्यलाई सुत्र प्रणालीमा आवद्ध गरी प्रविधिमैत्री बनाइनेछ । कर प्रशासनलाई चुस्त बनाउन आवश्यकतानुसार कर सचेतना अध्ययन अवलोकन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३५० करदाताको पहिचान सहितको विवरण अद्यावधिक गरी करदातालाई तिर्नुपर्ने रकमको सूचना दिने प्रणाली स्थापित गर्नको लागि गरी सवै घरधुरी तथा घरपरिवारको तथ्यांक लिइनेछ । साथै उक्त तथ्याङ्कलाई सफ्टवेयरमा राख्ने व्यवस्था मिलाइनेछ ।

३५१ नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, ग्राभेल आदि) उत्खनन्, संकलन तथा अनुगमन र निरीक्षणको लागि समेत मापदण्ड, कार्यविधीहरु तयार गरिनेछ । घाटहरुसम्म जाने बाटो मर्मत, सुधार गरी नदीजन्य सामान

राख्ने स्थान तोक्ने, लामो समयसम्म नदी किनारामा राख्न नदिने तथा चोरी निकासी हुन नदिने कुरामा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।

३५२ वर्षातको समयमा विभिन्न घाटहरुमा थुप्रिन जाने बालुवा तत्काल संकलन गर्न नसकिएमा बगाएर लैजाने र संकलन गरिएमा पुनः अर्को दिन जम्मा भएर बस्ने हुँदा वर्षाको समयमा जति निकालियो त्यति फाइदा हुने र त्यसरी संकलन गर्दा कुनै वातावरणीय नोक्सान तथा विपदजन्य क्षति नहुने र वर्षा सकिएपछि उक्त स्थानमा बालुवा पनि नरहने कारण ठेक्का पनि नलाग्ने भएको हुँदा त्यस्ता वर्षे घाटहरुमा आर्थिक ऐनमा नै बर्षाको समयमा समेत उठाउन सकिने गरी व्यवस्था मिलाइनेछ ।

३५३ नीजि जमीनका ढुंगा तथा ग्राभेल अनुमति नलिई विक्री गर्ने कार्यलाई वडास्तरबाट कडाइका साथ अनुगमन गरिनेछ साथै अनुगमन प्रतिवेदनको आधारमा दण्ड जरिवाना समेत गरिनेछ ।

३५४ नगरपालिकाले आन्तरिक आम्दानीको दिगो व्यवस्थापनको लागि ढुंगा खानी चलाउन सक्ने स्थानको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थल भेटिएमा कानूनी प्रकृया पुरा गरी, वातावरणीय अध्ययन गराई स्थानीय रुपमा सहमति कायम गरी ढुंगाखानी चलाई आन्तरिक आय बृद्धि गरिनेछ ।

३५५ वित्तिय सुशासन जोखिम मूल्याङ्कनलाई प्रभावकारीरुपमा कार्यान्वयनमा लगिनेछ। साथै डिजिटल प्रणालीको प्रशस्त उपयोग गरी वित्तिय सुशासन तथा पारदर्शितालाई थप सुदृढ गरिनेछ ।

३५६ चालु खर्चमा मितव्ययिता अपनाउँदै उपलब्ध साधनश्रोतलाई नगरपालिकाको समुन्नतिमा लगाइनेछ ।

३५७ घरजग्गाको न्यूनतम मूल्याङ्कन र बजारमूल्यमा हुने कारोबार विचको अन्तर कम गर्दै लगिनेछ ।

३५८ आन्तरिक आय संकलनमा प्रत्यक्ष संलग्न कर्मचारीहरुलाई तालिम, उत्प्रेरणका कार्यक्रम तथा भ्रमण र प्रोत्साहन तथा पुरस्कारको ब्यवस्था गरिनेछ ।

## तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापनः

३५९ नगरपालिकाको प्रोफाइललाई द्वितिय श्रोतबाट उपलब्ध हुन सक्ने तथ्याङ्कको आधारमा अद्यावधिक गरिनेछ ।

३६० नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।

३६१ उपलब्ध भएका तथ्याङ्कहरुलाई विश्लेषण गरी योजना तथा कार्यक्रम तर्जुमा गर्दा तथ्य तथ्याङ्कहरुको आधारमा तर्जुमा गर्ने परिपाटीको विकास गरिनेछ ।

३६२ आगामी आ.वमा चालु अवस्थामा रहेको आवधिक योजनाको मध्यावधी समीक्षा गरिनेछ ।

३६३ नगरपालिकामा ढड्डामा रहेका विवरणहरुलाई डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६४ नतिजामा आधारित अनुगमन प्रणालीलाई कार्यान्वयमा ल्याइनेछ ।

३६५ नगरपालिकाको ज्ञान, सीप र क्षमताले नभ्याउने कार्यमा आवश्कतानुसार विज्ञ समुह गठन गरी सहयोग लिइनेछ ।

३६६ सार्वजनिक एवम् सरकारी सम्पत्तीको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

३६७ नगरपालिकामा उत्कृष्ठ काम गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति, निर्माण व्यवसायी साथै विभिन्न क्षेत्रमा योगदान पुर्याउने समाजसेवी, व्यवसायी, कलाकार, साहित्यकार, पत्रकार, संस्था सञ्चालक/व्यवस्थापक, शोधकर्ता, विद्वत वर्ग आदिलाई सम्मान गरिनेछ ।

३६८ नगरपालिकाको विभिन्न आयोजना/कार्यक्रम, समस्या, सवाल र विषयगत क्षेत्रमा खोज तथा अध्ययन अनुसन्धान गर्न आउने संस्था वा व्यक्तिलाई आवश्यक सहजीकरण र सहयोग गरिनेछ ।

३६९ बेसीशहर नगरपालिकाभित्र रहेका जलश्रोतका मुहानहरु दर्ता गर्ने प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

३७० नगरपालिकाले सञ्चालनमा ल्याएको साना सवारी साधनको अनुगमन, नियमन तथा आवश्यक सहयोग र सहजीकरण समेत गरिनेछ ।

३७१ विकास निर्माण, अनुगमन तथा सञ्चालित विकासको दिगो व्यवस्थापनको लागि टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ ।

३७२ नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन कार्ययोजना तयार गरिनेछ । जनप्रतिनिधि र कर्मचारी तथा कर्मचारी कर्मचारीबिचको समन्वय र समिक्षा बैठकहरु आयोजना गरिनेछ ।

३७३ नगरपालिकाको बस्तुगत विवरणको संक्षेपीकरण गरी प्रकाशन गरिनेछ । नगरपालिकाको वेबसाइटलाई प्रभावकारीरुपमा अद्यावधिक गरिनेछ ।

३७४ जुनसुकै स्थानीय तहमा भएका स्थानीय शासनका असल अभ्यास र सिकाईलाई अनुकरण गर्ने प्रयत्न गरिनेछ ।

**सभाध्यक्षज्यू एवम् सभासद्ज्यूहरु,**

३७५ अब म, उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

३७६ माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७१ करोड ८७ लाख ९६ हजार खर्च हुने अनुमान गरिएको छ । जसमध्ये, चालुतर्फ ४४ करोड ५६ लाख ६९ हजार (६२ %) र पुँजीगततर्फ २७ करोड ३१ लाख २७ हजार (३८ %) रहेको छ । आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतमध्ये संघीय र प्रदेश समानीकरण अनुदानबाट १४ करोड ८४ लाख ७९ हजार, संघीय

र प्रदेश राजश्वबाट १३ करोड २१ लाख ३ हजार, आन्तरिक आय र स्थानीय राजश्वबाट रु ५ करोड ७४ लाख ४५ हजार, संघीय र प्रदेश सशर्तबाट ३२ करोड २२ लाख ६९ हजार तथा संघीय र प्रदेश समपुरक/ विशेष अनुदानतर्फबाट ४ करोड ८५ लाख र अन्य तर्फ कुल १ करोड रहेको छ ।

३७७ विनियोजित बजेटको क्षेत्रगत विनियोजन देहाय वमोजिम प्रस्ताव गरिएको छ ।

१.आर्थिक विकासतर्फः ५ करोड ३ लाख ३७ हजार (

२.सामाजिक विकासतर्फः ३३ करोड ९८ लाख २७ हजार

३.पूर्वाधार विकासतर्फः १७ करोड १७ लाख ६० हजार

४. वन, वातावरण र विपद् व्यवस्थापनतर्फः १ करोड १९ लाख २९ हजार

५. संस्थागत विकास र सुशासनतर्फः १४ करोड ४९ लाख ४३ हजार

**सभासद्ज्यूहरु,**

३७८ चालु आ.व. २०८०/८१ को लागि प्रस्तावित बजेटको तुलनामा आगामी आ.व.२०८१/८२ को लागि प्रस्ताव गरेको बजेट ७ करोड ८४ लाख ६४ हजारले न्यून रहेको छ । चालु आ.व.को लागि प्रस्तावित पुँजीगत बजेट भन्दा आगामी आ.व.२०८१/८२ को लागि प्रस्तावित पूँजीगत बजेट ७ करोड ६२ लाख ३३ हजारले न्यून रहेको तीतो यथार्थ जानकारी गराउँदछु । बजेट पारित गर्ने अवस्थासम्म आइपुग्दा अनुमानित आय र व्यय बजेटमा परिवर्तन/हेरफेर हुन सक्ने व्यहोरा निवेदन गर्दछु । केन्द्रबाट चालु आवको समानीकरण अनुदान सवै प्राप्त हुन सकेमा, पुरानोकोट गढीको रकम शोधभर्ना भएमा तथा असार महिनामा आन्तरिक आय बढ्न सकेमा थोरै भने पनि राहत हुन सक्छ अन्यथा चालु आ.व. को भुक्तानी दायित्व आगामी आ.व. मा जान सक्ने अर्को जोखिम पनि यथावत छ ।

३७९ राजश्व संकलनमा थप चुनौतीहरु देखा परिरहेका छन् । चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्दै आगामी आ.व मा लक्ष्य वमोजिम नै राजश्व संकलन गर्न सफल हुने विश्वास लिएको छु । आगामी आ.वमा करदाताहरुको पहिचान गरिनेछ र करदाताले तिर्नुपर्ने रकमको सूचना करदातालाई जाने व्यवस्था मिलाइनेछ ।

३८० यस बजेटबाट नगरपालिकाले लिएका प्राथमिकताको क्षेत्रमा केही न केही परिवर्तन ल्याउने र विकासका जगहरु तयार हुने विश्वास लिएको छु । कतिपय नीतिहरु बजेट भन्दा पनि हाम्रो सोच, क्रियाशिलता तथा मौजुदा जनशक्तिबाटै कार्यान्वयनमा लैजान सकिने खालका पनि छन् । नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समुदाय तहको पनि उत्तिकै योगदान आवश्यक पर्ने कुरामा दुइमत छैन ।

३८१ आगामी आ.व २०८१/०८२ को प्रस्तावित आय अनुमान तथा आन्तरिक आयको विस्तृत अनुमान र क्षेत्रगत व्यय अनुमानको विवरण यसै साथ संलग्न राखिएको छ । नगरपालिका र वडास्तरीय योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण, सशर्त अनुदानको विस्तृत विवरण नगरसभाको आगामी बैठकमा पेश हुने व्यहोरा समेत जानकारी गराउँदछु । संघीय र प्रदेशतर्फका योजना तथा कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी नगरपालिकाको योजना तथा कार्यक्रमहरु तय गरिनेछ ।

**अध्यक्ष महोदय,**

३८२ अब म आर्थिक बर्ष २०८१/०८२ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

३८३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयतहलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, विक्री, लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, विद्युत रोयल्टी र वन रोयल्टी समेत स्थानीय तहलाई प्राप्त हुनेछ ।

३८४ स्थानीय सरकाको क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ । कर प्रशासनलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**नगर सभासदस्यज्यूहरु,**

३८५ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने सन्दर्भमा कार्यान्वयन कार्ययोजना र खरिद योजना निर्माण गरी अघि बढ्ने व्यहोरा अवगत गराउँदछु । यस नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सवै सांसदजहरु, बुद्धिजीवी. समाजसेवी, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, विभिन्न संघसंस्थाहरु, विभिन्न समुह सञ्जाल आम नागरिक तथा सरोकारवाला सवैप्रति नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दछु ।

३८६ प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि समयमै बजेट उपलब्ध गराउने कुरामा संघीय र प्रदेश सरकार तथा कार्यान्वयनको लागि मुख्यतः कर्मचारीहरु र त्यसमा आवश्यक सहयोग र सहजीकरणको लागि नगर सभासद्जयूहरुमा हार्दिक अनुरोध गर्दछु ।धन्यवाद ।

असार १०, २०८१

पद्मा गुरुङ/ नगर उपप्रमुख
बेसीशहर नगरपालिका, लमजुङ ।